# वार्षिक बजेट, नीति तथा कार्यक्रम पुस्तिका

## आ.व. २०८३/०८४

त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लुहाम, सल्यान

कर्णाली प्रदेश, नेपाल

# त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय

## लुहाम, सल्यान

**आ.व.२०८३/०८४**

**२०८३/०३/०८ गते**

**प्रमुख सम्पादन सल्लाहकार**

खिम बहादुर रावत, गाउँपालिका अध्यक्ष

**सम्पादन सल्लाहकार**

सीता खड्का पुन, गाउँपालिका उपाध्यक्ष

**सम्पादन मण्डल**

तिलक रावल, अधिकृत
अमर सिं बबाल, अधिकृत
प्रभात कुमार श्रेष्ठ, अधिकृत
सन्तोष सापकोटा, लेखापाल

**कार्यकारी सम्पादक**

खुम बहादुर के.सी., प्रमुख प्रशासकीय अधिकृत

**कम्प्युटर**

सूचना प्रविधि अधिकृत, दिपेश प्रधान
कम्प्युटर अपरेटर, रमेश सावद

**प्रकाशक**

त्रिवेणी गाउँ कार्यपालिका कार्यालय, सल्यान

**मुद्रण**

महालक्ष्मी छापाखाना तुलसीपुर, दाङ
☎:०८२-५२२२८८, ९८५७८२३४४९
**कम्प्युटर सेटिङ्ग/डिजाइनः गुरु नाथ योगी (✆:९८६८६८८५०८)**

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कायालय
लुहाम, सल्यान
कर्णाली प्रदेश, नेपाल




# मेरो भनाई

जनताबाट निवाचित जनप्रतिनिधिहरु जनताका सेवक हुन् भन्ने कुरालाई हामीले पहिलो प्राथमिकतामा राखेका छौं । संविधानले व्यवस्था गरे बमोजिम संघीयताको कार्यान्वयनमा खम्बाको रुपमा स्थानीय सरकार रहन्छ । नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थानीय तहको अधिकार त्रिवेणीवासी जनताको माग र आवश्यकतालाई सम्वोधन गर्न वार्षिक नीति तथा कार्यक्रम र बजेट आ.व. २०८३/८४ प्रस्तुत भएको छ । संघीयता पछिको पहिलो सरकारले पाँचवर्षे कार्यकालमा ल्याएको नीति, कार्यक्रम र त्यसले पारेको प्रभाव र हाम्रो तेस्रो वर्षको अनुभव तथा समिक्षाबाट प्राप्त भएका सुझावहरु, तत्कालीन जनप्रतिनिधिहरुको सल्लाह, सुझावहरु, स्थानीय तह योजना तर्जुमा दिग्दर्शन २०७८, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन एवम् अन्य विषयगत क्षेत्रका नीति, विभिन्न सरोकारवाला तथा विज्ञसँग समय-समयमा गरिएका छलफलबाट प्राप्त रायसुझाव र प्रतिक्रिया समेतलाई आधार मानी समग्र त्रिवेणी गाउँपालिकाको समुचित विकासका लागि सल्यान जिल्ला त्रिवेणी गाउँपालिकाको आ.व. २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट निर्धारित समयमा प्रस्तुत गर्न पाउँदा आफुलाई भाग्यशाली ठानेको छु ।

उक्त नीति तथा कार्यक्रम प्रस्तुत भई पूर्णता दिन यस गाउँपालिकाको आ.व. २०८३/८४ को वार्षिक बजेट स्वीकृत गरिएको छ । जनताका बीचमा गरिएका प्रतिवद्धताहरुलाई साधन र स्रोत अनुसार प्राथमिकीकरण गरी पूरा गर्नुपर्ने हुन्छ । निश्चित विधि, प्रक्रिया र मान्यताको अनुशरण गर्दै सोही क्रममा आम नागरिकको जानकारीको लागि सूचना प्रवाह गरी बस्तीस्तर, टोल विकास समिति हुँदै वडास्तरमा व्यापक छलफल गरी सर्वसम्मतबाट छनोटमा परेको योजनाहरु, विभिन्न विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति हुँदै गाउँ कार्यपालिका बैठकमा गहन अध्ययन र छलफलपछि गाउँसभाको १८ औं अधिवेशनमा पेश भई योजना तथा बजेट सर्वसहमतीबाट पारित भएको छ । योजना तथा कार्यक्रम कार्यान्वयनका लागि विनियोजन ऐन २०८३ र आर्थिक ऐन २०८३ तर्जुमा गरी गाउँसभाबाट पारित गरिएको छ । त्रिवेणी गाउँसभाको १८ औं अधिवेशनबाट पारित भएका नीति तथा कार्यक्रम र बजेटलाई छिट्टै सार्वजनिक गरी गाउँपालिकाको विकास निर्माणलाई सबैको सहभागितामा समयमा सम्पन्न गर्न गाउँपालिकाको वार्षिक विकास पुस्तिका २०८३ प्रकाशन गर्न पाउँदा अत्यन्त हर्षित छु । त्रिवेणीवासीको सर्वोपरी हितको निम्ति र अन्य विकास निर्माणका दृष्टिकोणले यस पुस्तक प्रकाशनले

अझ व्यवस्थित, मर्यादित र जनमुखी बनाउन महत्वपूर्ण भुमिका खेल्ने अपेक्षा गरेको छु । यस पुस्तिका निर्माणका क्रममा महत्वपूर्ण भुमिका खेल्नुहुने उपाध्यक्ष लगायत सब निर्वाचित जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखा प्रमुखहरु, अन्य कर्मचारीहरु, महत्वपूर्ण सल्लाह दिई सहयोग गर्नुहुने सम्पूर्ण राजनतिक दलका प्रमुख र प्रतिनिधिहरु, समाजसेवी, बुद्धिजीवी, व्यापारी, पूर्व जनप्रतिनिधिहरु, पत्रकारबन्धुहरुका साथ सम्पूर्ण त्रिवेणीवासी दाजुभाइ दिदीबहिनीहरुमा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा त्रिवेणी गाउँपालिकाको वृहत विकास तथा समृद्ध बनाउन सबैको साथ सहयोग र सहभागिताको भरोसा एवम् अपेक्षा गर्दछु ।

**धन्यवाद !**

.......................................

(खिम बहादुर रावत)

**अध्यक्ष**

त्रिवेणी गाउँपालिका, सल्यान

त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कायालय

**लुहाम, सल्यान**

**कर्णाली प्रदेश, नेपाल**



# मेरो भनाई

स्थानीयस्तरको स्रोत साधन, सीप र प्रविधिको उपयोग गरी स्थानीय जनताको सहभागितामा भएको विकास र समृद्धिबाट र समग्र देशको विकास हुन्छ भन्ने मान्यता अनुरूप नेपालको संविधानले स्थानीय तहलाई गहन जिम्मेवारी सुम्पेको वर्तमान अवस्थामा संघीयता लागूपछिको दोस्रो कार्यकालको तेस्रो वर्षका लागि भएको निर्वाचन पश्चात हामी निर्वाचित भई कार्यारम्भक अवस्थामा छौं । निर्वाचनको समयमा जनतासमक्ष गरेका बाँचाहरु तथा बाँडिएका आश्वासनहरुलाई व्यवहारको कुर्सीमा उतार्न नवीन सिकाईहरु हासिल गर्दै फेरि नयाँ तरिकाबाट जनताका विकासका चाहानाहरुलाई पूरा गर्दै समृद्ध समाज निर्माण गरी त्रिवेणी गाउँपालिकाको विकासको बिहानी ल्याउन गाउँसभाको १८ औं अधिवेशनबाट नीति, योजना तथा आवश्यक पर्ने क्षेत्रगत कानूनहरु निर्माण गर्दै त्रिवेणी गाउँपालिकाको १८ औं अधिवेशन सम्पन्न भएको छ । पालिकाको तेस्रो कार्यकालको तेस्रो बर्षमा पूरा हुन नसकेका अपुरा योजना तथा कार्यक्रमहरुलाई निरन्तरता दिँदै त्रिवेणी गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाह जस्ता कार्यहरुलाई, शिघ्रता तथा एकरुपताको साथ सम्पादन गर्नको लागि गाउँसभाको १८ औं अधिवेशनबाट पारित भएका आगामी आ.व. २०८३/८४ का नीति, कार्यक्रम, योजना, राजस्वका दरहरु, योजनामा खर्च गर्ने रकमहरुको फेहरिस्त भएको त्रिवेणी गाउँपालिकाको वार्षिक योजना पुस्तिका, २०८३ शिघ्र प्रकाशन हुन लागेकोमा खुसी लागेको छ । यसले त्रिवेणी गाउँपालिकाले लिएका नीतिहरु पूरा गर्न सघाउ पुऱ्याउनका साथ अर्को वर्षको नीति, योजना, कार्यक्रम तथा बजेट निर्माण गर्नेमा मार्गदशकको रुपमा काम गर्नेछ भन्ने विश्वास लिएकी छु । स्वीकृत भएका योजना कार्यक्रमहरु सबैको सक्रिय सहभागिता र लागतमा समयमा सम्पन्न हुनेछन् भन्ने विश्वास लिर्दै त्रिवेणीको समग्र विकास र समृद्धिको कामना गर्दछु । जय त्रिवेणी ।

धन्यवाद !

............................................

(सीता खड्का पुन)

**उपाध्यक्ष**

त्रिवेणी गाउँपालिका, सल्यान

**त्रिवेणी गाउँपालिका**

# गाउँ कार्यपालिकाको कायालय

**लुहाम, सल्यान**

**कर्णाली प्रदेश, नेपाल**



# मेरो भनाई

संघीय शासन प्रणालीको स्थापनासंग शासनको पुनंसंरचना भए पश्चात स्थापना भएका विभिन्न स्थानीय तहहरुले संघीयताका मुल्य तथा मान्यता वमोजिम शासन गरिरहेका छन् । जस अर्न्तगत स्थापना भएको त्रिवेणी गाउँपालिकाले स्थानीय नागरिकका स-साना इच्छा, आवश्यकता तथा चाहना परिपुर्ति गर्दै संघ तथा प्रदेश सरकार एवं विभिन्न निकायहरुसँगको समन्वयमा ठुला विकास निर्माणका आयोजनाको संचालन गरिरहेको छ । स्थानीयस्तरमा विभिन्न विकास निर्माणका आयोजना संचालनको माध्यमबाट नागरिकलाई रोजगार उन्मुख वनाउन तथा आर्थिक विकासका विभिन्न सम्वाहकको पुर्ण परिचालन गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने लक्ष्य तर्फ यस गाउँपालिका लम्किरहेको छ ।

सल्यान जिल्लाको यस त्रिवेणी गाउँपालिकाको १८ औं अधिवेशनबाट पारित नीति, कार्यक्रम तथा बजेट र नीतिगत निर्णयहरु समेटेर त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक योजना पुस्तिका प्रकाशन गरिएको छ ।

संवैधानिक व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा स्थानीय तह योजना तजुमा दिग्दर्शन २०७८, त्रिवेणी गाउँपालिकाको आवधिक योजना, एवं विगतमा प्राप्त विभिन्न उपलब्धिहरुबाट भएको सिकाई तथा जनप्रतिनिधिज्यूहरु, कर्मचारीहरु, बुद्धिजीविहरु, समाजसेवी, विभिन्न क्षेत्रका विज्ञ व्यक्तित्वहरु तथा आम नागरिकको सक्रिय सहभागिताबाट प्राप्त सल्लाह सुझाव र समन्वयबाट गाउँपालिकाको नीति, कार्यक्रम बजेट तयार गरी गरिमामय गाउँसभाको १८ औं अधिवेशनबाट पारित गरिएको छ । यसमा मुलतः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, कृषि, उद्योग, पर्यटन, वन वातावरणका साथ संस्थागत विकास र सामाजिक समावेशिकरणका लागि बजेट विनियोजन गरिएको छ । सामाजिक, आर्थिक एवं भौतिक पूर्वाधारको विकास गरी त्रिवेणीको समृद्धिको यात्रा तय गर्न यस पालिकाले गरेका प्राथमिकता तथा अनुसरण गरिएका नीतिहरु कायान्वयन योग्य एवं प्रभावकारी हुनेछन् भन्ने अपेक्षा लिएको छु ।

अन्त्यमा त्रिवेणी गाउँपालिकाको योजना, कार्यक्रम तथा नीति निर्माण गर्नको लागि विभिन्न तहबाट मार्गदर्शन गर्नुहुने गाउँपालिकाका अध्यक्षज्यू तथा उपाध्यक्षज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । सो कार्यमा सहयोग पुर्याउनु हुने सम्पुर्ण वडा अध्यक्षज्यूहरु,  निर्वाचित अन्य जनप्रतिनिधिज्युहरु, कर्मचारी मित्रहरु तथा सञ्चारकर्मीहरुमा धन्यवाद दिन चाहन्छु । गाउँपालिकाको योजना, कार्यक्रम, तथा नीतिलाई गन्तव्यमा पुयाउन र योजना कार्यान्वयनमा सबै पक्षहरुको साथ, सहयोग र अर्थपुर्ण सहभागिताको समेत अपेक्षा गरेको छु ।

..........................................

(खुम बहादुर के.सी.)

**प्रमुख प्रशासकीय अधिकृत**

त्रिवेणी गाउँपालिका, सल्यान

# विषय सूची


| क्र.सं. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| खण्ड १: | त्रिवेणी गाउँपालिकाको परिचय | |
| १.१ | गाउँपालिकाको संक्षिप्त परिचय | १ |
| १.२ | गाउँपालिकाको स्थापना | २ |
| १.३ | राजनतिक तथा प्रशासनिक केन्द्र | ३ |
| १.४ | भागोलिक अवस्थिति | ३ |
| १.५ | भू-बनावट | ३ |
| १.६ | माटोको बनावट र उवराशक्ति | ४ |
| खण्ड २: | आ.व. २०८१/०८२ को नीति तथा कायक्रम | |
| २.१ | आ.व. २०८१/८२ को नीति तथा कायक्रम | ५ |
| २.२ | आ.व. २०८१/८२ को बजेट वक्तव्य | २३ |
| २.२.१ | अनुसूची १ | ३५ |
| २.२.२ | अनुसूची २ | ४१ |
| २.२.३ | अनुसूची ६ | ४४ |
| २.२.४ | सञ्चित कोषबाट विनियोजन हुने अनुमानको खच शिषकगत र श्रोतगत विवरण | ८३ |
| २.३ | आ.व. २०८२/०८३ को आथिक ऐन | ८ |
| २.४ | आ.व. २०८२/०८३ को विनियोजन ऐन | ११० |
| २.५ | योजना बंकमा राख्ने प्राथमिकता प्राप्त आयोजनाहरुको विवरण | ११२ |
| खण्ड ३ | अन्य विवरण | |
| ३.१ | आकस्मिक सेवासंग सम्बन्धित संघ संस्थाहरुको विवरण तथा फोन नं. | ११७ |
| ३.२ | त्रिवेणी गाउँपालिका भित्रका सरकारी कायालयहरु | ११७ |
| ३.३ | गर सरकारी कायालयहरु | ११७ |
| ३.४ | गाउँपालिका भित्रका लघुवित्तहरुको विवरण | ११७ |
| ३.५ | त्रिवेणी गाउँ कायपालिकाका पदाधिकारीहरुको विवरण | ११८ |
| ३.६ | त्रिवेणी गाउँपालिकाको गाउँसभाका पदाधिकारीहरुको विवरण | ११८ |
| ३.७ | त्रिवेणी गाउँ कायपालिकाका शाखा प्रमुखहरुको विवरण | १२० |
| ३.८ | गाउँ कायपालिकाको वडा सचिवहरुको विवरण | १२१ |

| | | |
|---|---|---|
| ३. | त्रिवेणी गाउँपालिका  स्वास्थ्य संस्था प्रमुखहरुको विवरण | १२१ |
| ४ | त्रिवेणी गाउँपालिका कायालयमा कायरत कमचारीहरुको विवरण | १२२ |
| ४.१ | त्रिवेणी गाउँपालिका वडा सचिवहरुको विवरण | १२४ |
| ४.२ | त्रिवेणी गाउँपालिका स्वास्थ्य चाकी प्रमुखहरुको विवरण | १२४ |
| ४.३ | त्रिवेणी गाँउपालिका स्वास्थ्य चाकीमा कायरत कमचारीहरुको विवरण | १२५ |
| ४.४ | त्रिवेणी गाँउपालिका अन्तगत सामुदायिक वनहरुको विवरण | १२७ |
| ४.५ | त्रिवेणी गाँउपालिका अन्तगत सामुदायिक विद्यालयहरुको विवरण | १२ |
| ४.६ | त्रिवेणी गाउँपालिका अन्तगत संस्थागत विद्यालयहरुको विवरण | १३१ |
| ४.७ | त्रिवेणी गाउँपालिका अन्तगत सामुदायिक सिकाइ केन्द | १३१ |
| ४.८ | त्रिवेणी गाउँपालिका अन्तगत सामुदायिक सिकाइ केन्द | १३२ |

# खण्ड १: त्रिवेणी गाउँपालिकाको परिचय

## १.१ गाउँपालिकाको संक्षिप्त परिचय

त्रिवेणी गाउँपालिका कर्णाली प्रदेश अर्न्तगत सल्यान जिल्लाका साविकका काभ्रा, काँरागिठी, फलाबाङ र त्रिवेणी गरी ४ ओटा गा.वि.स.लाई समावेश गरी स्थापना भएको हो । शारदा खोला, लुहाम खोला र घुर खोलाको संगम स्थल भएकाले न यसको नाम त्रिवेणी गाउँपालिका रहन गएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल जम्मा ११.११ वर्ग कि.मि रहेको छ । यस गाउँपालिकाको पूवमा कपुरकोट गाउँपालिका, पश्चिममा कालिमाटी गाउँपालिका उत्तरमा शारदा नगरपालिका र छत्रेश्वरी गाउँपालिका र दक्षिणमा दाङ जिल्ला पदछ । त्रिवेणी गाउँपालिका विश्व मानचित्रमा २८° १४ ' देखि २८° २०' उत्तरी आक्षांश र ८२° ०८' देखि ८२° २०' पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ भने समुद्री सतहबाट ७८३ देखि २,१०७ मिटरसम्मको उचाईमा अवस्थित छ । सल्यान जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरु मध्ये त्रिवेणी गाउँपालिका विकासको राम्रो सम्भावना बोकेको गाउँपालिका हुनुका साथसाथ यहाँका सचेत राजनतिक दल र उत्प्रेरित गाउँबासी यो गाउँपालिकाका दरिलो अनि दीगो विकासका श्रोत हुन् । २०७८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या १६६६४ रहेको छ जस मध्ये महिलाको जनसंख्या ८७४६ (५२.५%) र पुरुषको जनसंख्या ७१८ (४७.५%) रहेको छ । लङ्गिक अनुपात ०.५३ पुरुष प्रतिसय महिलामा रहेको तथ्यले देखाउछ । त्रिवेणी गाउँपालिकाको कुल जनघन्त्व १४० जना प्रति वर्ग किलोमिटर रहेको छ । जम्मा ४११० परिवार संख्या रहेको यस त्रिवेणी गाउँपालिकाको कुल साक्षरता दर ७६. प्रतिशत रहेको छ । जसमध्ये पुरुष साक्षरता दर (८३.) प्रतिशत र महिला साक्षरता दर (७०.७) प्रतिशत रहेको छ । वडागत रुपमा हेर्दा वडा नं. १ मा कुल जनसंख्या ३५८४ रहेकोमा पुरुषको जनसंख्या १७०८ र महिलाको जनसंख्या १८७६ रहेको छ त्यसगरी वडा नं. २ मा जम्मा जनसंख्या २५३६ रहेकोमा पुरुषको जनसंख्या १२३६ र महिलाको जनसंख्या १३०० रहेको छ । वडा नं. ३ मा कुल जनसंख्या ३४० रहेकोमा पुरुषको जनसंख्या १६६१ र महिलाको जनसंख्या १८२ रहेको छ । वडा नं. ४ मा कुल जनसंख्या १० रहेकोमा पुरुषको जनसंख्या ५६ र महिलाको जनसंख्या १०३४ रहेको छ । वडा नं ५ मा कुल जनसंख्या २२६४ रहेकोमा पुरुषको जनसंख्या १०६१ र महिलाको जनसंख्या १२०३ रहेको छ । त्यसैगरी वडा नं. ६ को कुल जनसंख्या २८०० रहेकोमा पुरुषको जनसंख्या १२६ र महिलाको जनसंख्या १५०४ रहेको छ । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य स्रोतहरुमा व्यापार, नोकरी, उद्योग साथ वैदेशिक रोजगारी पनि हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् ।

स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशीने क्रम क्रमशः बढिरहेको छ । यस गाउँपालिकामा आधारभूतदेखि माध्यमिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरु रहेका छन् भने उच्च शिक्षा विकासको पहल भैरहेको छ । यस गाउँपालिकामा सामुदायिक २८ र संस्थागत ६ वटा गरी जम्मा ३५ वटा शिक्षण संस्थाहरु संचालित छन् । विगत लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनावद्ध विकास कार्यक्रम कायान्वयनमा

कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । तथापि विगत २ वर्ष पहिले भएको स्थानीय तहको निर्वाचन पश्चात् जनप्रतिनिधिहरुको बहाली भए सँग विकास तथा सेवा प्रर्वाहमा जन अपेक्षाहरु सम्वोधन हुने र नागरिकका माग र आवश्यकताहरुको तत्काल सम्वोधन हुने सम्भावना बढेर गएको छ भने जनताका आशाका किरणहरु फैंलिदै गएका छन । विकासको लहर बढेर गएको छ । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस गाउँपालिकामा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघी, होली, गारा, कृष्णजन्माष्टमी, महाशिवरात्री, साउने र माघे संक्रान्ति, चैते दशैं, बकर इद, बुद्ध जयन्ती आदि यहाँका चाडपर्व आफ्नो धर्म अनुसार मनाउने गरेको पाइन्छ ।

### १.२ गाउँपालिकाको स्थापना

संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका काभ्रा, काँरागिठी, फलावाङ र त्रिवेणी गा.वि.स.लाई समावेश गरि त्रिवेणी गाउँपालिका घोषणा गरिएको हो । साविकको त्रिवेणी र फलावाङ गा.वि.स.को मिलन बिन्दु र हाल त्रिवेणी गाउँपालिकाको केन्द्र रहेको लुहाम बजार नजिक त्रिवेणी धाम अवस्थित छ । यस क्षेत्रको पवित्र धामको रुपमा रहेको यस त्रिवेणीधामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । त्रिवेणी गाँउपालिकाको संरचना अनुसारको वडा विभाजन तलको तालिकामा उल्लेख गरिएको छ ।




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

### त्रिवेणी गाउँपालिकाको वडा विभाजन

| समावेश भएका साविक गा.वि.स. | साविक वडा नं. | कायम भएको वडा नं. |
|---|---|---|
| काभ्रा | १- | १ |
| काँरागिठी | १- | २ |
| फलावाङ | १-५ | ३ |
| फलावाङ | ६- | ४ |
| त्रिवेणी | १-६ | ५ |
| त्रिवेणी | ७- | ६ |

*स्रोत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौँ, नेपाल*

### १.३ राजनतिक तथा प्रशासनिक केन्द्र

नेपालको संविधानको धारा २५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३/०/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२२ मा साविकका काभ्रा, काँरागिठी, फलावाङ र त्रिवेणी गा.वि.स समावेश गरी जम्मा ६ वडाहरु कायम गरी त्रिवेणी गाउँपालिका स्थापना गरिएको हो। हाल यस गाउँपालिकाको राजनतिक तथा प्रशासनिक केन्द्र लुहाम बजारमा रहेको छ।

### १.४ भागोलिक अवस्थिति

सल्यान जिल्लामा अवस्थित यस त्रिवेणी गाउँपालिका भागोलिक क्षेत्रको हिसाबले मध्यपहाडी क्षेत्रमा पदछ। त्रिवेणी गाउँपालिका नेपालको मानचित्रमा २८° १४" देखि २८° २०" उत्तरी आक्षांशसम्म र ८२° ०८" देखि ८२° २०" पूवी देशान्तरसम्म फलिएको छ। यो गाउँपालिका समुद्री सतहबाट ७८३ देखि २,१०७ मिटरसम्मको उचाइमा फलिएको छ।

### १.५ भू-बनावट

गाउँपालिकाको केही भू-भाग बेसी, केही शिवालिक र उच्च पहाडी क्षेत्र रहेको छ। भू-आकृतिमा भएको यस फरक अनुसार यस गाउँपालिकालाई तीन क्षेत्रमा विभाजन गन सकिन्छ।

**(क) बेसी**

नदीले बनाएका फाँटहरुका साथसाथ केही ठूला खोलाहरुले बनाएको भाग न यस क्षेत्रमा पदछन्। पहाडको फेदमा रहेको खुल्ला समथर खेतीयोग्य जमीन यस क्षेत्र अन्र्तगत पदछ। भागभिक इतिहासको पछिल्लो चरणमा निमित भू-भाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ। यस क्षेत्रमा यस गाउँपालिकाको ७८३ मिटरदेखि १००० मिटरको उचाइ रहेको क्षेत्र पदछ।

**(ख) शिवालिक क्षेत्र**

यस गाउँपालिकाको अधिकांश भू-भाग शिवालिक क्षेत्रमा पदछ। यहाँको भू-भाग पत्रे चट्टान एवं माटो ढुंगाको समिश्रणले भरिएको छ। यस भू-भागमा वनजङ्गलको मात्रा अत्यधिक छ। प्रायः मानव वस्तीको प्रधानता रहेको क्षेत्र हो। समुद्री सतहबाट १००० देखि १५०० मिटर सम्मका मोडदार पहाडहरु यस क्षेत्र अर्न्तगत पर्दछन्।

**(ग) उच्च पहाडी भू-भाग**

समुन्द्री सतहबाट १,५०० मिटरदेखि २१०७ मिटरसम्म उचाई रहेको यो भू-भाग कडा चट्टान कठीन धरातलीय स्वरुप भएका कारण मानवबस्ती यहाँ कम रहेको छ। उच्च पहाडी श्रृंखलाहरु र झाडी बुट्यानले यस क्षेत्रलाई ढाकेको छ।

**१.६ माटोको बनावट र उर्वराशक्ति**

यस गाउँपालिकाको भौगोलिक बनावटको अवस्थालाई हेर्दा यहाँको अधिकांश माटोमा उब्जाउ क्षमताको कमी देखिन्छ। यहाँ बढी मात्रामा बलाटे, कडा चट्टान तथा नदी वेशीहरुमा बलाटे दोमट र खेतीयोग्य माटो पाइन्छ। गाउँपालिकाको दक्षिणी भागमा महाभारत पर्वतको अग्रभाग तथा चुरे पर्वत समेत पर्ने हुँदा कमजोर बनावटको बलाटे तथा खिइने खालको ढुङ्गाहरुको बढी मात्रामा वचश्व रहेको देखिन्छ जसमा उब्जाउको सम्भावना ज्याद न्यून रहन्छ। यसका अलावा, गाउँपालिकाको उत्तरी, पूर्वी तथा पश्चिमी भाग महाभारत श्रृखंलामा पर्ने हुँदा यहाँ Phyllites, Schist, Quartize, Lime stone को मात्रा अत्यधिक रहेको छ, यस क्षेत्रमा समेत उत्पादनको सम्भावना न्यून रहन्छ। तथापि, पहाडी टार तथा नदी, वेंशीहरु उत्पादनका दृष्टिकोणले ज्यादै सम्भावनायुक्त देखिन्छन्। समग्र देशको नमूना अध्ययनका आधारमा यस गाउँपालिकाको माटोको प्रकार र उवरताको बारेमा निम्नानुसार पाइन्छ।

**क) पाँगो माटो**

यहाँका नदी बेसीहरुमा पाँगो माटोको प्रचुरता छ। जहाँ पर्याप्त अन्न उत्पादन र तरकारी बालीको सम्भावना छ। नदीहरुले बगाई ल्याएको सडेको पातपतिङ्गर र अन्य कम्पोष्ट मलजन्य पदार्थलाई छेउछाउका तटवती भागमा निक्षेप गदै जाँदा यी भागहरु अत्यधिक उब्जाउयोग्य रहेका छन्। तथापि, वतमान समयमा रासायनिक मलको व्यापक प्रयोगको कारण यहाँको माटोमा अम्लीयता वृद्धि भई उत्पादन ह्रासको स्थिति देखापरेको छ। लगातार भू-क्षय तथा वन विनाशका कारण नदीहरुले चून ढुँगा, बलाटे, गेग्र्यानयुक्त पदार्थहरु निरन्तररुपमा निक्षेप गर्दा पाँगो माटोको गुणस्तरमा विस्तार ह्रास आइरहेको छ।

**ख) बलाटे माटो**

यो माटो बालुवा, कंकड र ढुँगा मिश्रित माटो हो। यो उब्जाउको दृष्टिकोणले न्यून कोटीको मानिन्छ। विशेष गरी गाउँपालिकाको पहाडी भागहरुमा यो माटोको बाहुल्यता छ। अपेक्षाकृत कम मात्रामा मात्र दलहन र मकै बालीको मात्र यहाँ उत्पादन हुन्छ। यहाँ सिँचाईको समेत अभाव रहेको छ। यहाँको माटोको बनावटमा ढुँङ्गा माटो, कंकड, चुना, फलाम, जीवाष्मको तत्व नभएको माटोको प्रचुरता हुन्छ। उब्जाउको दृष्टिकोणले यहाँको माटोमा नदी बेसीतिर धान, गहुँ, मास, मकै, मध्य पहाडी भागतिर मकै, दलहन र उच्च भागतिर आलु, जौ आदि उत्पादन हुने गर्दछ।

# खण्ड २

## आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

## गाउँसभामा मिति २०८३ असार ०८ गते सोमबार गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावतज्यूद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८३/ ०८४ को नीति तथा कार्यक्रम

त्रिवेणी गाउँपालिका

सल्यान

कर्णाली प्रदेश, नेपाल

२०८३

**त्रिवेणी गाउँपालिकाको यस गरिमामय गाउँसभाका सदस्यज्यूहरू,**

१. नेपाली जनताले विभिन्न कालखण्डमा गरेका त्याग, संघर्ष र बलिदानको उपलब्धी स्वरूप जारी भएको नेपालको संविधान बमोजिम स्थापित त्रिवेणी गाउँपालिकाका नागरिकहरूको प्रतिनिधिमूलक यस गरिमामय सभामा निर्वाचित भएपछि पाँचौ पटक आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले परिकल्पना गरेको संघ, प्रदेश र स्थानीय सरकारमध्ये नागरिकसँग प्रत्यक्ष रूपमा जोडिएको सरकारका रूपमा स्थानीय तहले आर्थिक, सामाजिक, भौतिक, सांस्कृतिक तथा कानुनी लगायत जनजीवनसँग सम्बन्धित विषयहरूको संरक्षण, प्रवर्द्धन र रूपान्तरण गर्ने महत्वपूर्ण जिम्मेवारी निर्वाह गरिरहेको छ। विभिन्न क्षेत्रका विज्ञ, सरोकारवाला निकाय, राजनीतिक दल, नागरिक समाज तथा आम नागरिकहरूबाट प्राप्त सुझावहरूलाई समेटी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तयार गरिएको छ। यस प्रक्रियामा महत्वपूर्ण सुझाव तथा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

३. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना तथा सामाजिक रूपान्तरणका लागि विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन, संघर्ष र क्रान्तिहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, ती आन्दोलनहरूमा अग्रपंक्तिमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रज नेतागण, लोकतान्त्रिक आन्दोलनका घाइते योद्धाहरू तथा बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु। यस गाउँपालिकाको स्थापना कालदेखि नै यसको समग्र विकास र समृद्धिका लागि महत्वपूर्ण योगदान पुऱ्याउनु हुने अग्रज व्यक्तित्वहरूप्रति सम्मान प्रकट गर्दै उहाँहरूको योगदानको कृतज्ञतापूर्वक स्मरण गर्दछु।

**सभा सदस्यज्यूहरू,**

४. "सफा, हराभरा, सुन्दर र शान्त त्रिवेणी गाउँपालिका; सुशासन, सहभागिता, दिगो विकास, समृद्धि र समतामूलक समाज निर्माणमा हाम्रो प्रतिबद्धता" भन्ने मूल नारालाई आत्मसात गर्दै त्रिवेणी गाउँपालिकाले विकासको यात्रालाई निरन्तर अगाडि बढाएको छ। साथै, "स्वस्थ र समृद्ध त्रिवेणी गाउँपालिका, विकासमा हाम्रो प्रतिबद्धता" भन्ने संकल्पका साथ अवलम्बन गरिएका नीति तथा कार्यक्रमहरूको कार्यान्वयन र उपलब्धिहरूको समीक्षा गर्दा उल्लेखनीय सफलता हासिल भएको अनुभूति गरेका छौं। विगतका अनुभव, उपलब्धी, सिकाइ र नागरिकका अपेक्षालाई आधार मानी आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**अब, म संक्षेपमा विगतमा गरेका उपलब्धीहरुलाई उल्लेख गर्न चाहन्छु।**

१. गाउँपालिकाका सबै वडा कार्यालयहरूमा बाह्रै महिना सहज सडक पहुँच सुनिश्चित गर्ने नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ। सोही अनुरूप सडकहरूको स्तरोन्नति कार्य निरन्तर अगाडि बढिरहेको छ। साथै अन्तरजिल्ला सडक सञ्जाल विस्तार गर्ने लक्ष्यका साथ विनियोजित आयोजनाहरूको निर्माण

कार्य तीव्र गतिमा सम्पन्न हुँदै आएको छ।

२. पालिकाका सम्पूर्ण प्रशासनिक सेवाहरूलाई एकीकृत रूपमा सञ्चालन गर्न प्रशासकीय भवन निर्माण सम्पन्न गरी आफ्नै भवनबाट सेवा प्रवाह सुरु गरिएको छ। साथै वडा कार्यालयहरूको भवन निर्माण कार्यलाई समेत निरन्तरता दिइएको छ, जसअन्तर्गत चालु आर्थिक वर्षमा वडा नं. ३ को कार्यालय भवन निर्माण अन्तिम चरणमा पुगेको छ।

३. त्रिवेणी गाउँपालिकामा निर्माणाधीन दश शैयाको अस्पताल सम्पन्न हुने चरणमा पुगेको छ, जसबाट स्थानीय नागरिकहरूले आफ्नै क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अवसर सुनिश्चित हुनेछ।

४. नागरिकहरूको स्वच्छ खानेपानीमा पहुँच अभिवृद्धि गर्न विभिन्न लिफ्ट तथा सतहगत खानेपानी आयोजनाहरू सञ्चालन गरी "एक घर, एक धारा" कार्यक्रममार्फत खानेपानी सेवाको विस्तार गरिएको छ।

५. शारदा नदी लगायत अन्य खोलाहरूमा हुन सक्ने खेतीयोग्य जमीनको कटान न्यूनीकरण गर्न आवश्यक तटबन्धन निर्माण कार्य गरिएको छ।

६. सामुदायिक शिक्षालाई गुणस्तरीय, प्रतिस्पर्धी तथा प्रविधिमैत्री बनाउन विद्यालय अनुगमन, शिक्षकहरूको पेशागत क्षमता विकास, शैक्षिक सामग्री वितरण, बसाइ व्यवस्थापन, पुस्तकालय स्थापना, आईसीटी ल्याब व्यवस्थापन, विज्ञान प्रयोगशाला निर्माण तथा विद्यालयका भौतिक पूर्वाधार विकासका कार्यहरू गरिएको छ।

७. विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्था तथा विकटतालाई आधार मानी विद्यालय मर्ज, समायोजन तथा दरबन्दी मिलानका कार्यहरू सम्पन्न गरिएको छ। साथै माध्यमिक विद्यालयहरूमा योग्यताका आधारमा स्थायी शिक्षकलाई प्रधानाध्यापकको रूपमा नियुक्ति गरिएको छ।

८. स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाउन त्रिवेणी स्वास्थ्य चौकीमा एम.बी.बी.एस. चिकित्सकको व्यवस्था, आवश्यक औषधी, उपकरण तथा प्रयोगशाला सामग्री उपलब्ध गराई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गरिएको छ।

९. नसर्ने रोगहरुको बढ्दो दर तथा व्यस्त दैनिकीका बाबजुद पालिकाका नागरिकलाई योग ध्यान तथा सन्तुलित आहारविहारका माध्यमबाट स्वस्थकर बनाउन आयुर्वेदको महत्व प्रचार-प्रसार गर्दै सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

१०. असहाय, विपन्न नागरिक तथा सुत्केरी महिलाहरूलाई लक्षित गरी निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिएको छ।

११. "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै गाउँपालिका स्तरीय अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरी खेल संस्कृतिको विकास र प्रवर्द्धन गरिएको छ।

१२. "एक गाउँपालिका, एक खेल मैदान" अभियान अन्तर्गत रिखेबगर खेल मैदानको स्तरोन्नति गरी खेल पूर्वाधार विकासलाई प्राथमिकता दिइएको छ।

१३. नेपाल सरकारद्धारा सञ्चालित अभियानहरूलाई आफ्नै अभियानका रूपमा आत्मसात गर्दै पूर्ण खोप सुनिश्चितता, पूर्ण सरसफाइ तथा पोषणमैत्री वडा घोषणा जस्ता कार्यक्रमहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिएको छ।

१४. गाउँपालिकाको ऐतिहासिक, पौराणिक, सांस्कृतिक, साहित्यिक तथा सामाजिक सम्पदा, स्थानीय सीप र ज्ञानलाई भावी पुस्तासम्म हस्तान्तरण गर्ने उद्देश्यले “हाम्रो त्रिवेणी पाठ्यक्रम” निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।

१५. नागरिकको सूचनाको हक सुनिश्चित गर्दै पारदर्शिता, जवाफदेहिता र सुशासनलाई संस्थागत गर्न सार्वजनिक सुनुवाइ, नागरिक सन्तुष्टि सर्वेक्षण, सार्वजनिक परीक्षण तथा भुक्तानी दाबी विरोधसम्बन्धी सूचना प्रकाशन लगायतका कार्यहरू सञ्चालन गरिएको छ।

१६. करका दर तथा दायरालाई व्यवस्थित र वैज्ञानिक बनाउँदै नयाँ सम्भावनायुक्त क्षेत्रहरूको पहिचान तथा विकासमार्फत् आन्तरिक राजस्व वृद्धिमा उल्लेखनीय प्रयास गरिएको छ।

१७. योजनाबद्ध र दिगो विकासको आधार निर्माण गर्न गाउँपालिकाको प्रोफाइल, आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा विस्तृत आयोजना प्रतिवेदनका आधारमा वार्षिक योजना तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने अभ्यासलाई संस्थागत गरिएको छ।

१८. “कृषकको उत्पादन, गाउँपालिकाको अनुदान” कार्यक्रममार्फत् कृषि तथा पशुपालन व्यवसायलाई प्रोत्साहन गर्दै किसानहरूको आयआर्जन अभिवृद्धि र व्यवसायीकरणमा सहयोग पुऱ्याइएको छ। साथै पशुहरूमा फैलिन सक्ने महामारीजन्य रोगहरूको नियन्त्रण तथा न्यूनीकरणका लागि घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको छ।

१९. स्थानीय श्रम, सीप, पुँजी र प्रविधिको उपयोगमार्फत् उद्यमशील संस्कृतिको विकास तथा गरिबी न्यूनीकरण गर्ने उद्देश्यले लघु उद्यम विकास कार्यक्रमलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिएको छ।

२०. मातृ तथा शिशु स्वास्थ्यलाई थप सुदृढ बनाउन एल्क्रः ख्ष्कष्त तथा सुत्केरी घरभेट कार्यक्रम सञ्चालन गरिएको छ। साथै ज्येष्ठ नागरिकप्रति सम्मान र स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले “ज्येष्ठ नागरिकसँग स्वास्थ्यकर्मी भेटघाट” कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको छ।

२१. समतामूलक, सभ्य र सुरक्षित समाज निर्माण गर्ने उद्देश्यका साथ लैङ्गिक, वर्गीय तथा जातीय आधारमा हुने सबै प्रकारका हिंसा, विभेद र सामाजिक दुर्व्यवहार नियन्त्रणका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको छ। साथै लागू पदार्थ दुर्व्यसनी न्यूनीकरण तथा बालविवाह अन्त्यका लागि बाल क्लब, आमा समूह, सञ्जाल तथा समुदायको सहभागितामा जनचेतनामूलक तालिम, अभियान र अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरी सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याइएको छ।

२२. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम तथा पालिकाका विभिन्न आयोजना तथा कार्यक्रममा श्रमिकलाई जोडेर रोजगारी प्रदान गर्ने कार्यका साथै उद्यम विकास सम्बन्धी विभिन्न सिपमुलक तालिम कार्यक्रमबाट स्वरोजगार बन्ने आधार तयार भएको छ।

**सभा सदस्यज्यूहरु,**

अब, म आगामी आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**आर्थिक विकास :**

**कृषि तथा पशुपन्छी**

१. उत्पादन र उत्पादकत्व बृद्धि गरी वास्तविक कृषकसम्म अनुदानको पहुँच सुनिश्चित गर्न सञ्चालनमा रहेको "कृषकको उत्पादन गाउँपालिकाको अनुदान" कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. "पशुपन्छीको नश्ल सुधार, उत्पादकत्व वृद्धिको आधार" भन्ने मूल नारालाई आत्मसात् गर्दै गाई, भैंसी तथा बाख्रामा प्राकृतिक तथा कृत्रिम गर्भाधान मिशन कार्यक्रम र हरियो घाँस विस्तार कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ। साथै, व्यावसायिक पशुपालक कृषकहरूको सम्मान तथा प्रोत्साहनका लागि पालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३. कृषकको घरदैलोमै पशुपन्छी उपचार सेवा उपलब्ध गराउन मोबाइल भेटेरिनरी सेवा सञ्चालन गरिनेछ। साथै, पशुपन्छीको स्वास्थ्य संरक्षण तथा प्रजनन व्यवस्थापनमा सुधार ल्याउने उद्देश्यले प्रत्येक वडामा घुम्ती पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर सञ्चालन गरिनेछ।

४. पशुपन्छीमा हुने महामारीजन्य रोगहरूको प्रभावकारी नियन्त्रणका लागि सम्पूर्ण पशुपन्छीमा आवश्यक खोप सेवा उपलब्ध गराई गाउँपालिकालाई पूर्ण खोपयुक्त पालिकाका रूपमा घोषणा गरिनेछ।

५. पशुपालन व्यवसायलाई सुरक्षित, व्यवस्थित तथा दिगो बनाउन पशु बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सहजीकरण गरिनेछ।

६. गाउँपालिकाबाट सञ्चालन हुने कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरूमा महिला, दलित, जनजाति तथा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकता दिइनेछ। साथै, उनीहरूको आर्थिक सशक्तीकरण र जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले आयआर्जन वृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

७. भौगोलिक विशेषता तथा उत्पादनको सम्भावनाका आधारमा पकेट क्षेत्र निर्धारण गरी "एक वडा, एक विशेष उत्पादन" कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. कृषि तथा पशुपालन व्यवसायलाई व्यवस्थित, व्यवसायिक, प्रतिस्पर्धी तथा मर्यादित पेशाका रूपमा विकास गर्न गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम मार्फत् उत्कृष्ट कृषकलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।

९. कृषि तथा पशुजन्य उत्पादनको बिक्री वितरणलाई व्यवस्थित र प्रभावकारी बनाउन समूह तथा सहकारीहरूलाई संगठित गरी पालिकास्तरीय कृषि उपज बजार समिति गठन तथा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०. "त्रिवेणीको अठोट, पकेट क्षेत्रमा जोड" भन्ने नारा अनुरूप गाउँपालिका भित्रका सम्भावित कृषि तथा

पशुपन्छी पकेट क्षेत्रहरूको पहिचान, विकास र विस्तारका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

११. आयात प्रतिस्थापन तथा कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले रैथाने बालीहरू (कोदो, फापर) का साथै चैते धान र वसन्ते मकैको उत्पादन प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

१२. कृषिलाई व्यवसायिक तथा विविधिकृत बनाउने नीति अवलम्बन गरिनेछ। यसअघि प्रदान गरिँदै आएको टुक्रे अनुदान वितरण प्रणालीलाई परिमार्जन गरी व्यावसायिक कृषकहरूको व्यवसायिक योजनाका आधारमा आवश्यक परिमाणमा फलफूलका बिरुवा वितरण गर्ने नीति लिइनेछ।

१३. "**स्थानीय उत्पादनको उपभोग, बजारीकरणमा सहयोग**" भन्ने नाराअनुरूप स्थानीय उत्पादनको बिक्री वितरणलाई सहज, व्यवस्थित तथा प्रभावकारी बनाउन स्थानीय कृषि हाटबजार केन्द्रको विस्तार तथा संकलन केन्द्रलाई व्यवस्थित गरिनेछ। साथै, कृषि सहकारीहरूमार्फत् उत्पादनको बजारीकरणलाई सहजीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१४. गाउँपालिका भित्रको कृषि क्षेत्र सम्बन्धी तथ्याङ्कलाई व्यवस्थित, अद्यावधिक तथा विश्वसनीय बनाउन विभिन्न कृषि सहकारी, कृषक समूह तथा सम्बन्धित संघ संस्थाहरूसँग समन्वय गरी कृषि तथ्याङ्क व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ।

१५. कृषकको उत्पादन, बजारीकरण तथा आधुनिक कृषि प्रविधिसम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न विषयगत तालिम, सेमिनार, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

१६. "**सिँचाइ सुविधाको विस्तार, कृषि उत्पादन वृद्धिको आधार**" भन्ने मूल नारालाई आत्मसात् गर्दै घट्दो जलस्रोतको अवस्थालाई दृष्टिगत गरी जलस्रोत पुनर्भरण (वाटर रिचार्ज) गर्ने उद्देश्यले रिचार्ज पोखरी निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।

१७. "**कृषि क्षेत्रमा पर्याप्त पानी, उत्पादन वृद्धिमा हाम्रो लगानी**" भन्ने सोचलाई आत्मसात् गर्दै सिँचाइको सम्भाव्यता तथा दिगोपनाको अध्ययन गरी सिँचाइ सुविधा उपलब्ध नभएका क्षेत्रमा नयाँ सिँचाई आयोजना निर्माण गरिनेछ। साथै, विद्यमान सिँचाइ संरचनाहरूको संरक्षण, मर्मत तथा दिगो सञ्चालनका लागि मर्मत सम्भार गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

## उद्योग व्यवसाय, श्रम रोजगारी, गरिबी निवारण, सहकारी

१८. उद्यमशीलता मार्फत् रोजगारी सिर्जना तथा उत्पादन वृद्धि गर्ने नीतिलाई आत्मसात् गर्दै उद्यमशीलता प्रवर्द्धन, क्षमता विकास तथा स्वरोजगार अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

१९. त्रिवेणी गाउँपालिकाभित्र सञ्चालन तथा स्थापना हुने उद्योग र व्यवसायलाई दर्ता प्रक्रियामार्फत् करको दायरामा ल्याई पालिकाको आन्तरिक राजस्व वृद्धि गर्ने कार्यमा जोड दिइनेछ।

२०. त्रिवेणी गाउँपालिकाका सम्पुर्ण समुह तथा सहकारीको नियमन तथा अनुगमन गरिनेछ जसका लागि सहकारीको संस्थागत सक्षमता, अभिलेख व्यवस्थापन, ऋण व्यवस्थापन लगायतका कार्य चुस्त दुरुस्त

बनाइ लगानी तथा खराब ऋण व्यवस्थापन गरिनेछ । सहकारीको क्षमता विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

२१. श्रम बजारमा प्रवेश गर्ने तथा रोजगार गुमाएका महिला, दलित, जनजाति, विपन्न तथा सीमान्तकृत श्रमिकहरूलाई काम र रोजगारीको सुनिश्चितता प्रदान गर्न प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सूचीकृत गरी प्राथमिकताका आधारमा रोजगार उपलब्ध गराइनेछ।

२२ सङ्घ, प्रदेश तथा यस गाउँपालिकाको बजेट विनियोजनबाट पालिकाको क्षेत्रमा विभिन्न निकायहरुमार्फत सञ्चालित आयोजनाहरूमा काम गर्ने श्रमिकलाई रोजगारदाताबाट समयमा नै पारिश्रमिक भुक्तानी गर्ने व्यवस्था मिलाउनको लागि आवश्यक समन्वय गरिनेछ। साथै श्रमिकको सुरक्षाका लागि अनिवार्य दुर्घटना बीमा गरिनेछ।

२३. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि गाउँपालिकाबाट पुनः श्रम स्वीकृति प्रदान गर्ने व्यवस्थालाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

२४. उपभोक्ताको खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताका लागि सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, खाद्य वस्तुहरूको गुणस्तर सुनिश्चित गर्न बजार अनुगमन कार्य प्रत्येक तीन महिनामा नियमित रूपमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

२५. साना, लघु तथा घरेलु उद्योगहरूलाई दर्ता प्रक्रियामा ल्याई उद्योगको संरक्षण तथा प्रवर्द्धन गरिनेछ । व्यवसाय करको दायरा विस्तार गरी आन्तरिक राजस्व वृद्धि गरिनेछ। साथै, व्यवसाय दर्ता, नवीकरण तथा कर संकलनलाई प्रभावकारी बनाउन घुम्ती टोलीको व्यवस्था गरिनेछ।

२६. स्थानीय कच्चा पदार्थको सदुपयोग गर्दै उद्योग सञ्चालन गर्ने उद्योगीहरूलाई प्रोत्साहन तथा अनुदान सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

२७. "**सुदृढ स्थानीय अर्थतन्त्र, समृद्धिको मूलमन्त्र**"लाई आत्मसात् गर्दै त्रिवेणी गाउँपालिकाभित्र रहेका सरकारी तथा निजी बैंक तथा वित्तीय संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गरी कृषि, पर्यटन, उद्योग तथा व्यवसाय क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ।

२८. "**सक्षम सहकारी, बढाउने छ रोजगारी**" अभियानसँग आबद्ध गर्दै सहकारी संघसंस्थालाई स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको प्रवर्द्धन, स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, प्याकेजिङ तथा बजारीकरणका लागि प्रोत्साहित गरिनेछ।

२९. सहकारी संस्थाहरूलाई क्रियाशील र सक्षम बनाउन उपयुक्त तालिम तथा सहकारी मर्जरको नीति अवलम्बन गरिनेछ । साथै, लामो समयदेखि कारोबार बन्द गरी निष्क्रिय रहेका तथा कमजोर अवस्थाका सहकारी संस्थाहरूको सुदृढीकरणका लागि आवश्यक तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## पर्यटन प्रवर्द्धन

३०. "घुम्न जाऔँ त्रिवेणी" अभियानलाई निरन्तरता दिइनेछ । यसका लागि पर्यटन गुरुयोजना निर्माण गरी आवश्यक पूर्वाधार विकास गरिनेछ। पर्यटकको आवागमन वृद्धि, रोजगारी सिर्जना तथा समृद्धिका लागि पर्यटकीय स्थलहरूमा पुग्ने सडकहरूको स्तरोन्नति तथा पदमार्ग निर्माण गरिनेछ। साथै, त्रिवेणी गाउँपालिकाको सदरमुकाममा रहेको त्रिवेणी तीर्थशालाधामको स्तरोन्नति गर्दै लगिनेछ । गैरासल्ले, फलाबाङ, थर्कोट, सापमारा, सिद्धगुफा तथा गैरिकटेरीमा पर्यटकीय पूर्वाधार विकास गरिनेछ।

३१. ऐतिहासिक एवं पुरातात्विक सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले प्रसिद्ध फलाबाङ दरबार निर्माणका लागि सम्बन्धित पक्षसँग समन्वय गरी जग्गा प्राप्तिको पहल गरिनेछ। साथै, उक्त दरबार निर्माणसम्बन्धी विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरिनेछ।

## सामाजिक विकास

### शिक्षा, यूवा तथा खेलकुद

३२. "**उत्कृष्ट र सुरक्षित शिक्षालय, मेरो विद्यालय**" निर्माण अभियान अन्तर्गत विद्यालयहरूमा भौतिक पूर्वाधारमैत्री तथा सूचना प्रविधिमैत्री कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

३३. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिलाई उत्प्रेरित गर्ने नीति अवलम्बन गरिनेछ।

३४. विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउने, सिकाउने तथा टिकाउने कार्यलाई प्रोत्साहनमूलक कार्यक्रमसहित अभियानका रूपमा सञ्चालन गरिनेछ।

३५. त्रिवेणी गाउँपालिकाको स्थानीय पाठ्यपुस्तकलाई प्रभावकारी बनाउन समयानुकूल संशोधन गर्दै पूर्ण रूपमा कार्यान्वयन गरिनेछ।

३६. सामुदायिक विद्यालयहरूको शिक्षण सिकाइमा प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्न वर्ष उत्कृष्ट विद्यालय, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, कर्मचारी तथा अभिभावक घोषणा गरी प्रोत्साहन गरिनेछ।

३७. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड वितरण कार्यलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।

३८. सामुदायिक विद्यालयबाट एसईई परीक्षामा उत्कृष्ट नजिता प्राप्त गर्ने विद्यार्थी तथा विद्यालयलाई पुरस्कृत गरिनेछ।

३९. विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापमा सहभागिता अभिवृद्धि गर्दै व्यावहारिक शिक्षालाई प्रवर्द्धन गर्न प्रत्येक सामुदायिक विद्यालयमा एक पोषण बगैँचा निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

४०. सामुदायिक सिकाइ केन्द्र (Community Learning Center) मार्फत अनौपचारिक शिक्षा, आजीवन सिकाइ तथा सीप विकास प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

४१. शैक्षिक गुणस्तर अभिवृद्धि तथा सिकाइ उपलब्धिमा सुधार ल्याउन एसईई तयारी लक्षित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।अभिभावक विहिन बालबालिकाहरुलाई अभिभावकत्व प्रदान गर्दै शैक्षिक प्याकेजका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

४२. विद्यार्थीहरुको नतिजा मापनलाई स्तरीय तथा बैध बनाउन हाल सञ्चालनमा रहेको परीक्षा प्रणालीलाई परिमार्जन गरिनेछ। यसका लागि वार्षिक परीक्षा सञ्चालन गर्दा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष तथा निरीक्षकहरु तोकी परीक्षा सञ्चालन गर्ने नीति लिइनेछ।

४३. सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूसँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाइनेछ। उक्त कार्यसम्पादन सम्झौतालाई कार्यसम्पादन मूल्याङ्कन प्रणालीसँग आबद्ध गरिनेछ।

४४. सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण, पोषण अवस्थाको लेखाजोखा, प्राथमिक उपचार तथा स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूलाई परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

४५. सामुदायिक विद्यालयहरूमा हुन सक्ने सम्भावित विपद् जोखिम न्यूनीकरण गर्न अग्नि नियन्त्रण उपकरण जडान तथा सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

४६. सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीहरुको सम्भावित जोखिम बहन गर्नको लागि विमा कार्यक्रमको व्यवस्थापन गरिनेछ।

४७. "**स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद**" भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै गाउँपालिका स्तरीय अध्यक्ष कप तथा राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।

४८. त्रिवेणी गाउँपालिकाका युवाहरूलाई लागूपदार्थ दुर्व्यसनबाट जोगाउन सचेतनामूलक अभियान सञ्चालन गरिनेछ। यस अन्तर्गत विद्यालय, टोल विकास संस्था तथा लक्षित वर्गका सञ्जालहरूमार्फत् जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४९. बालबालिकाको शिक्षामा पहुँच तथा सक्षमता अभिबृद्धि गरिनेछ। बालिका तथा समावेशी शिक्षा सञ्जाललाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

५०. विद्यालय शिक्षा क्षेत्र योजना (SESP) मार्फत सञ्चालनमा ल्याइएका विभिन्न कार्यक्रमको प्रभावकारी कार्यान्वयनको व्यवस्था सुनिश्चत गर्न निरन्तर अनुगमन गर्ने नीति लिइनेछ।

## स्वास्थ्य, पोषण

५१. त्रिवेणी गाउँपालिकामा स्थापना भई सञ्चालनमा रहेको त्रिवेणी स्वास्थ्य चौकीलाई आधारभूत अस्पतालका रूपमा स्तरोन्नति गर्दै गुणस्तरीय, सर्वसुलभ तथा प्रभावकारी उपचारात्मक र निदानात्मक सेवाका साथै विशेषज्ञ स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ। उक्त संस्थालाई प्रेषण केन्द्र (Referral Center) का रूपमा विकास गरी २४ सै घण्टा स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

५२. सुनौला हजार दिनका आमा बालबालिका तथा किशोरीहरूको पोषण अवस्था सुधार गर्न पोषणमैत्री

स्थानीय शासनसम्बन्धी नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। पोषणमैत्री स्थानीय शासनका विभिन्न सूचकहरु पूरा गरी पोषणमैत्री स्थानीय तह घोषणा गरिनेछ।

५३. त्रिवेणी गाउँपालिकाभित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधारको स्तरोन्नति तथा मर्मत सम्भार गर्दै नागरिकलाई सहज, गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न ३६५ दिन स्वास्थ्य संस्था खुला राख्ने नीतिलाई निरन्तरता दिइनेछ। साथै, सबै स्वास्थ्य संस्थाहरूमा सञ्चालनमा रहेका प्रसूति सेवा (Birthing Center) लाई क्रमशः स्तरीकरण गर्दै गुणस्तरीय बनाइनेछ।

५४. “सुरक्षित आमा, सुपोषित सन्तान” अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै प्रोटोकल अनुसार गर्भवती जाँच तथा संस्थागत सुत्केरी हुने दर वृद्धि गर्न आमा सुरक्षा कार्यक्रमलाई सुदृढ बनाइनेछ। सुनौला हजार दिनभित्रका आमा तथा बालबालिकाको पोषण अवस्था सुधार गर्न लक्षित पोषण कार्यक्रमहरू सञ्चालन गरी कुपोषण दर न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ। साथै, मातृ तथा नवजात शिशु मृत्युदर घटाउन सुत्केरी पश्चात् घरभेट तथा स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५५. ज्येष्ठ नागरिकहरूप्रति सम्मान व्यक्त गर्दै नसर्ने रोगहरूको जोखिम तथा प्रकोप न्यूनीकरण गर्न जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरूद्वारा घरदैलोमै पुगेर स्वास्थ्य परीक्षण गर्ने ज्येष्ठ नागरिक घरभेट स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५६. शारीरिक तथा मानसिक रूपमा अशक्त, असहाय तथा संरक्षणविहीन ज्येष्ठ नागरिकहरूको निःशुल्क उपचारको व्यवस्था गरिनेछ। साथै, सडक आश्रित नागरिकहरूको उद्धार, संरक्षण तथा पारिवारिक पुनर्मिलनका लागि मानव सेवा आश्रम लगायत सम्बन्धित निकायहरूसँग समन्वय गरी आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

५७. पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिईनेछ। रेबिज रोगको नियन्त्रण तथा यसबाट हुन सक्ने मानवीय क्षति न्यूनीकरण गर्न रेबिजविरुद्धको खोप ५० प्रतिशत मात्र शुल्कमा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

५८. विद्यालयमा अध्ययनरत तथा विद्यालय बाहिर रहेका किशोरीहरूको पोषण अवस्था पहिचान गरी आवश्यक रोकथाम तथा सुधारात्मक उपाय अवलम्बन गर्न हेमोग्लोबिन तथा रक्त समूह परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै, विद्यार्थीहरूको आँखा, कान, नाक, घाँटी तथा छालासम्बन्धी स्वास्थ्य परीक्षण र स्वास्थ्य तथा पोषण अवस्थाको लेखाजोखा गर्न घुम्ती नर्स कार्यक्रम सञ्चालन गरिनेछ।

५९. सडक दुर्घटना न्यूनीकरण तथा प्रभावकारी उद्धार व्यवस्थापनका लागि राप्ती राजमार्ग तथा गाउँपालिका भित्रका सडकखण्ड अन्तर्गत दुर्घटनाका बेला शीघ्र उद्धार, प्राथमिक उपचार तथा पुनर्स्थापनाका लागि आवश्यक व्यवस्था मिलाउने नीति अवलम्बन गरिनेछ।

६०. पछिल्लो समयमा बढ्दै गइरहेको मानसिक स्वास्थ्य समस्या तथा आत्महत्याको जोखिम न्यूनीकरण गर्न विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूसँग समन्वय गरी मनोसामाजिक परामर्शसम्बन्धी

जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

६१. स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन बीमा सहजकर्ताहरूलाई प्रोत्साहन गर्ने, जनचेतनामूलक अभियान सञ्चालन गर्ने तथा महिला स्वास्थ्य स्वयंसेविका र (ख) वर्गका अपाङ्गता भएका व्यक्तिहरूका लागि ५० प्रतिशत बीमा प्रिमियम सहुलियतको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ।

६२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन गर्दै प्रभावकारी रूपमा परिचालन गरिनेछ।

६३. जलवायु परिवर्तन तथा प्राकृतिक विपद्‌बाट उत्पन्न हुने मानवीय स्वास्थ्य समस्याहरू न्यूनीकरण गर्न विपद् पूर्वतयारी तथा व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

## खानेपानी तथा सरसफाई

६४. त्रिवेणी गाउँपालिका क्षेत्रभित्रका खानेपानी मुहानहरूको पहिचान, अभिलेखीकरण, दर्ता, संरक्षण तथा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६५. गाउँपालिका क्षेत्रभित्रका खानेपानी आयोजनाहरूको शुद्धता परीक्षण गरिनेछ। सबै घरधुरीमा शुद्ध र गुणस्तरीय खानेपानी सेवा उपलब्ध गराउन संघीय तथा प्रदेश सरकार एवं विकास साझेदारहरूसँग समन्वय गरी खानेपानी आयोजनाहरूको निर्माण, मर्मत सम्भार तथा "**एक घर, एक धारा**" कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६६. "**ग्रिन एण्ड क्लिन त्रिवेणी**" मूल नारालाई आत्मसात् गर्दै त्रिवेणी गाउँपालिका भित्र उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाइ स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हक सुनिश्चित गरिनेछ।

६७. त्रिवेणी गाउँपालिकालाई पूर्ण रूपमा सरसफाइयुक्त बनाउन "**सुन्दर र हराभरा त्रिवेणी गाउँपालिका, मेरो गाउँ आफैं सफा गर्ने प्रतिबद्धता**" भन्ने नारालाई अभियानका रूपमा सञ्चालन गरिनेछ। साथै, यस वर्ष सरसफाइ सूचकहरू पूरा गरेका वडामध्ये न्यूनतम एक वडालाई पूर्ण सरसफाइयुक्त वडा घोषणा गरिनेछ भने अन्य वडाहरूलाई क्रमशः पूर्ण सरसफाइयुक्त वडा घोषणा गर्दै लगिनेछ।

६८. फोहरलाई स्रोतमा नै वर्गीकरण गरी कुहिने फोहरबाट प्राङ्गारिक मल उत्पादन गर्ने तथा नकुहिने फोहरको उचित व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ। फोहर व्यवस्थापन तथा प्रशोधनका लागि उपयुक्त स्थान पहिचान गरी आवश्यक पूर्वाधार निर्माण गरिनेछ।

## सामाजिक समावेशीकरण

६९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) लाई सुदृढ बनाउन सकारात्मक विभेद, आर्थिक सशक्तिकरण र अर्थपूर्ण सहभागितामा आधारित बहुपक्षीय नीति लिइनेछ। त्रिवेणी गाउँपालिकाका दलित, जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूका लागि सम्मान, सीप विकास तथा आयआर्जनमूलक कार्यक्रमहरू सञ्चालन गरी आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ।

७०. बालविवाह अन्त्यका लागि पञ्चवर्षीय रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्ने नीति लिइनेछ।

घुम्ति शिविर मार्फत अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकलाई वडा -वडामा अपाङ्गता परिचय पत्र वितरण तथा स्वास्थ्य सम्बन्धी घुम्ती शिविर सञ्चालन गरिनेछ।

७१. लैङ्गिक हिंसा विरुद्धका नीति तथा कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्दै लैङ्गिक हिंसा विरुद्ध जनचेतनामूलक अभियानहरू सञ्चालन गरिनेछ। विभिन्न पूर्वाधारहरु अपाङ्गतामैत्री हुने गरी निर्माण गर्ने नीति लिइनेछ।

७२. बालमैत्री स्थानीय शासन सम्बन्धी नीति कार्यान्वयन गरिनेछ। साथै, लैङ्गिक अल्पसंख्यकको पहिचान सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७३. "**बाल अधिकार सबैको सरोकार**" भन्ने नारालाई आत्मसात् गर्दै त्रिवेणी गाउँपालिकालाई बालश्रममुक्त, सडक बालबालिका तथा सडक मानवमुक्त पालिका बनाउने दिशामा आवश्यक कार्यहरू गरिनेछ। असहाय, अनाथ तथा बेवारिसे बालबालिकाहरूको संरक्षण र विशेष सुरक्षाका लागि संघ, प्रदेश तथा गैरसरकारी क्षेत्रको समन्वय र सहकार्यलाई निरन्तरता दिँदै पालिका क्षेत्रभित्रका अनाथ बालबालिकाका लागि अल्पकालीन संरक्षण गृहको स्थापना गरी वा उपलब्ध संरचनाको उपयोग गरी निःशुल्क आवासको व्यवस्था गरिनेछ।

७४. महिला तथा बञ्चितिकरणमा परेका वर्ग तथा समूहको क्षमता विकास मार्फत् आयआर्जनमा टेवा पुर्याउने तथा बालबालिकाका लागि विशेष शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ।

७५. दलित, जनजाति तथा अल्पसंख्यक समुदायको हक, अधिकार र समानता स्थापनाका लागि सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

७६. आदिवासी जनजाति, दलित तथा अल्पसंख्यक समुदायले परम्परागत रूपमा अवलम्बन गर्दै आएका पेशाहरूलाई आधुनिकीकरण, व्यवसायीकरण तथा प्रविधि हस्तान्तरण मार्फत् उद्यमशील बनाउँदै संरक्षण गरिनेछ।

७७. त्रिवेणी गाउँपालिकालाई अपाङ्गमैत्री गाउँपालिकाका रूपमा विकास गरिनेछ। यसका लागि सरकारी तथा गैरसरकारी संघ संस्थासँगको सहकार्यमा शारीरिक रूपमा अशक्त नागरिकहरूको उपचारका लागि विशेष स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

७८. साठी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका सबै व्यक्तिहरूलाई परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिँदै उनीहरूको संविधान प्रदत्त अधिकार प्राप्ति तथा कार्यान्वयनमा आवश्यक सहजीकरण गरिनेछ।

## कला संस्कृति

७९. त्रिवेणी गाउँपालिका भित्रका मौलिक, रैथाने रीतिरिवाज, कला तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटन र अर्थतन्त्रसँग आबद्ध गरिनेछ।

८०. पालिका भित्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त स्रष्टाहरूलाई सम्मान गर्ने तथा नयाँ

प्रतिभाहरूलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

८१. विभिन्न जातजातिका कला तथा संस्कृतिको खोज, अनुसन्धान, पहिचान र संरक्षणका लागि विभिन्न शैक्षिक संस्था तथा अनुसन्धान केन्द्रहरूसँग समन्वय गरिनेछ।

८२. लोपोन्मुख अवस्थामा रहेका प्राचीन कला, संस्कृति, भेषभूषा तथा परम्परागत बाजागाजाको संरक्षणका लागि विभिन्न संस्थाहरूसँगको समन्वयमा आवश्यक क्षमता अभिवृद्धिसम्बन्धी तालिम सञ्चालन गरिनेछ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण

८३. व्यक्तिगत घटना दर्ताका पुराना अभिलेखहरूलाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मापदण्ड अनुसार डिजिटाइजेसन गरी सूचना व्यवस्थापन प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता प्रणालीलाई व्यवस्थित गरिनेछ।

८४. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण तथा आधुनिकीकरण गर्दै सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीमार्फत वितरण गर्ने व्यवस्थालाई थप व्यवस्थित गरिनेछ।

८५. सामाजिक सुरक्षा तथा पञ्जीकरण प्रणालीलाई अनलाइन प्रणालीमार्फत् व्यवस्थित गर्न सबै वडाका सचिवहरूको लागि पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।

## पूर्वाधार विकास

### सडक, पुल, यातायात

८६. त्रिवेणी गाउँपालिका भित्रका सबै सडकहरूलाई पालिका गौरवका सडक, कृषि सडक तथा शाखा सडकका रूपमा वर्गीकरण गरी सडक सम्बन्धी मापदण्ड निर्धारण तथा सडक गुरुयोजना निर्माण गरिनेछ।

८७. "**दिगो सहर, सुव्यवस्थित पूर्वाधार**" लाई मूर्तरूप दिन दिगो विकासका लक्ष्यअनुसार सबै विषयगत क्षेत्रका नीति तथा कार्यक्रमबीच अन्तरआबद्धता कायम गरिनेछ।

८८. सडकको जोखिम संवेदनशीलताको आधारमा पहिरो तथा भूक्षय हुने सम्भावित स्थानहरूमा बायो इन्जिनियरिङ प्रविधिको प्रयोग गरिनेछ। साथै, वातावरणमैत्री सडक निर्माणका लागि सडकको संरचना अनुसार दायाँबायाँ वृक्षारोपण गरी हरित सौन्दर्य प्रवर्द्धन गरिनेछ।

८९. नयाँ सडक ट्र्याक खोल्ने कार्यलाई न्यूनीकरण गर्दै वडा कार्यालय जोड्ने सडकहरू कालोपत्रे तथा कृषि सडकहरूको स्तरोन्नति गर्ने नीति अवलम्बन गरिनेछ।

९०. सडक निर्माण तथा स्तरोन्नति कार्य अनिवार्य रूपमा ठेक्का प्रक्रियामार्फत् सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

९१. त्रिवेणी गाउँपालिकाका वडा कार्यालय भवनहरू सम्पन्न गरी आफ्नै भवनबाट प्रशासनिक कार्य सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

९२. गाउँपालिका गौरवका आयोजनाहरू छनोट गरी साना टुक्रे आयोजनामा बजेट विनियोजन गर्ने प्रणालीलाई अन्त्य गरिनेछ। साना आयोजनाहरूलाई एकीकृत गरी वडास्तरीय वृहत् आयोजना निर्माण गर्दै टोल विकास समितिसँगको सहकार्यमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ।

९३. त्रिवेणी गाउँपालिकालाई पूर्ण विद्युतीकरण गर्न नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ।

९४. त्रिवेणी गाउँपालिकाका सबै बस्तीहरूमा सञ्चार सुविधा उपलब्ध गराउन सम्बन्धित निकायहरूसँग समन्वय तथा सहकार्य गरिनेछ।

९५. सडक आवागमनलाई सहज बनाउन तथा नागरिकको पहुँच अभिवृद्धि गर्न मोटरेबल पुल तथा झोलुङ्गे पुल निर्माण कार्यको थालनी गरिनेछ।

९६. भौतिक संरचनाहरूको मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरी कार्यान्वयन गरिनेछ।

९७. सिँचाइ आयोजनाहरूको कार्यान्वयन गर्दा लाभान्वित घरधुरी संख्या र सिंचित क्षेत्रफललाई आधार मानिनेछ। व्यक्तिगत सिँचाइ कुलो निर्माणलाई निरुत्साहित गरिनेछ।

९८. त्रिवेणी गाउँपालिकाका विभिन्न आयोजनाहरूको सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी सोही आधारमा निर्माण कार्य सञ्चालन गरिनेछ।

९९. विभिन्न आयोजना सम्पन्न भएपछि सम्बन्धित टोल विकास समिति तथा उपभोक्तालाई आयोजना हस्तान्तरण गरी मर्मत सम्भारको जिम्मेवारी प्रदान गरिनेछ।

१००. उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाहरूमा सिँचाइ कुलोमा १५ प्रतिशत, खानेपानीमा १५ प्रतिशत, भवन निर्माणमा १० प्रतिशत, ग्याबियन तारजालीमा १० प्रतिशत तथा सडक संरचना निर्माणमा १० प्रतिशतसम्म अनिवार्य श्रमदान गर्नुपर्ने नीति अवलम्बन गरिनेछ। साथै, समूह, सहकारी, टोल विकास संस्था तथा उपभोक्ता समितिहरूले ५० प्रतिशत लागत साझेदारीमा सिँचाइ कुलो तथा तटबन्ध निर्माणका लागि प्रस्ताव गरेमा त्यस्ता आयोजनालाई प्राथमिकता दिइनेछ।

१०१. पालिकाभित्रका ग्रामीण कृषकहरूलाई बजारसँग प्रत्यक्ष रूपमा जोड्न ग्रामीण कृषि मार्गहरूको व्यवस्था गरिनेछ।

१०२. पालिकाभित्रका सम्पूर्ण सडकहरूको तत्काल मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ। यस अन्तर्गत वर्षातका कारण क्षतिग्रस्त भएका विभिन्न सडकहरूको मर्मत सम्भार गरिनेछ।

१०३. गाउँपालिकाको एक मात्र रिखे बजार खेलकुद मैदानलाई जिल्लाकै नमुना खेलकुद मैदानका रूपमा विकास गरिनेछ। साथै, वडा स्तरमा समेत खेलकुद मैदान निर्माण गरिनेछ।

१०४. संघीय सरकार, प्रदेश सरकार, अन्तरपालिका तथा गैरसरकारी संघ-संस्था एवं विकास साझेदारहरूसँग सहकार्य गरी सहलगानी, समपूरक तथा विशेष अनुदानका आयोजनाहरू सञ्चालन गरिनेछ।.

१०५. सडक दुर्घटना न्यूनीकरणका लागि व्यवस्थित पार्किङ प्रणालीको विकास गरिनेछ। साथै, सडकमा जथाभावी निर्माण सामग्री तथा अन्य सामग्री राख्ने कार्यलाई निरुत्साहित गर्दै ट्राफिक प्रहरी तथा नेपाल

प्रहरीसँगको सहकार्यमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०६. गाउँपालिकाभित्र सञ्चालन हुने आयोजनाहरू समयमा सम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कार तथा सम्मान प्रदान गरिनेछ भने तोकिएको समयभित्र काम सम्पन्न नगर्ने निर्माण व्यवसायीहरूलाई कानुनअनुसार कारबाही गर्ने नीति अवलम्बन गरिनेछ।

१०७. गाउँपालिकामा सञ्चालन हुने आयोजनाहरूको गुणस्तर मापन गर्न पूर्वाधार गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिनेछ।

## विद्युत तथा वैकल्पिक उर्जा

१०८. त्रिवेणी गाउँपालिकालाई पूर्ण विद्युतीकरण गर्न नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ।

१०९ "**उज्यालो गाउँपालिका**" बनाउने नीति अनुरूप गाउँपालिकाका मुख्य सडकहरू तथा आवासीय क्षेत्रमा सडक बत्ती र सिसी क्यामेरा जडान गर्ने कार्यलाई तीव्रता दिइनेछ।

## आवास, भुउपयोग तथा बस्ती विकास

११०. त्रिवेणी गाउँपालिकामा नयाँ निर्माण, मर्मत सम्भार वा प्रबलीकरण गरिने भवनहरूमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूल डिजाइनलाई प्रवर्द्धन गर्न पालिकामा कार्यरत प्राविधिक कर्मचारी तथा दर्तावाला डिजाइनरका लागि क्षमता विकाससम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

१११. त्रिवेणी गाउँपालिकामा नयाँ निर्माण हुने घरहरूलाई अनिवार्य रूपमा नक्सापास मापदण्डभित्र ल्याइनेछ। नक्सापास नगरी घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ। साथै, नक्सापास नगर्ने घरधनीहरूलाई पालिकाबाट प्रदान गरिने सेवा सुविधा तथा विद्युत सिफारिस समेत रोक्का गरिनेछ।

## सूचना तथा सञ्चार प्रविधि

११२. पालिकाबाट सञ्चालन हुने अनलाइन प्रणालीहरूबीच अन्तरआबद्धता कायम गरी सेवा प्रवाह गरिनेछ। पालिकाका सबै गतिविधिहरू वेबसाइट, फेसबुक पेज तथा सूचना पाटीमार्फत् सार्वजनिक गरिनेछ। साथै, लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिइनेछ।

११३. सञ्चार तथा सूचना प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिवृद्धि गरिनेछ। शिक्षा, स्वास्थ्य, विकास निर्माण तथा सेवा प्रवाह लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ।

## उपभोक्ता हित संरक्षण

११४. त्रिवेणी गाउँपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका उद्योग, व्यापार तथा व्यवसायहरूलाई कानुनबमोजिम दर्ता गरिनेछ।

११५. उपभोग्य वस्तु तथा सेवाको गुणस्तर, परिमाण र मूल्यमा हुने अनियमितताबाट उपभोक्तालाई संरक्षण गर्दै स्वच्छ, प्रतिस्पर्धी र स्वस्थ बजार निर्माण तथा प्रवर्द्धन गरी कालोबजारी पूर्ण रूपमा नियन्त्रण गरिनेछ।

११६. बजारमा मापदण्डविपरीत सञ्चालनमा रहेका व्यवसायहरूको व्यवस्थापन, बजार क्षेत्रमा जेब्राक्रसको

व्यवस्था, पार्किङ व्यवस्थापन तथा अटो व्यवस्थापन गरी बजारको सौन्दर्यता अभिवृद्धि गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याइनेछ ।

११७. खाद्य स्वच्छता तथा सम्प्रभुतासम्बन्धी नागरिक अधिकार सुनिश्चित गर्न सरकारी तथा गैरसरकारी निकाय, सहकारी, टोल विकास समिति, विभिन्न फर्म तथा समूहहरूसँग समन्वय र सहकार्यमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

११८. त्रिवेणी गाउँपालिका क्षेत्रभित्र रहेका छाडा चौपायाको व्यवस्थापन, संरक्षण तथा व्यावसायीकरण मार्फत् रोजगारी सिर्जना गर्ने उद्देश्यले एक वटा गौशाला निर्माण कार्य सम्पन्न गरिनेछ ।

११९. सामुदायिक वनहरूको दिगो व्यवस्थापन, वन पैदावारको वृद्धि तथा वन्यजन्तु संरक्षणका लागि क्रमिक रूपमा आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

१२०. "**रुख रोपौं, वातावरण जोगाऔं**" अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सार्वजनिक जग्गा, सामुदायिक वन, नदी किनार तथा सरकारी कार्यालय परिसरमा वृक्षारोपण कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१२१. वातावरण संरक्षण तथा प्लास्टिकजन्य प्रदूषण न्यूनीकरणका लागि प्लास्टिक झोलाको विकल्प स्वरूप कपडा, जुट तथा कागजका झोलाको उत्पादन, बिक्री वितरण र प्रयोगलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१२२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत, कानुनी तथा संस्थागत संरचनाको निर्माण र सुदृढीकरण कार्यलाई निरन्तरता दिइनेछ ।

१२३. राप्ती राजमार्ग लगायत अन्य सडकहरूमा हुन सक्ने दुर्घटना, आगलागी, बाढी, पहिरो तथा अन्य विपद् जन्य घटनाबाट हुने क्षति न्यूनीकरण गर्न त्रिवेणी गाउँपालिकामा आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई व्यवस्थित गरिनेछ। उक्त केन्द्रको प्रभावकारी सञ्चालनका लागि आवश्यक जनशक्ति, स्रोत साधन तथा उपकरणहरूको व्यवस्थापन गरिनेछ ।

१२४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा सार्वजनिक, निजी, सहकारी, गैरसरकारी क्षेत्र, रेडक्रस, छिमेकी स्थानीय तह, विभिन्न संघसंस्था तथा समुदायबीच साझेदारी, समन्वय र सहकार्यलाई प्रवर्द्धन गरिनेछ ।

१२५. वातावरणमैत्री स्थानीय शासनका आधारभूत मापदण्डहरू पूरा गर्दै वातावरणमैत्री टोल, वडा तथा पालिका निर्माणको अभियान थालनी गरिनेछ । साथै वातावरणीय प्रदूषण नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

१२६. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी, व्यवस्थित र उत्तरदायी बनाउन सम्बन्धित निकाय तथा जनशक्तिको संस्थागत क्षमता विकास कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

१२७. व्यावसायिक क्षेत्र, आवासीय भवन तथा वन क्षेत्रमा हुन सक्ने आगलागीजन्य जोखिम न्यूनीकरणका लागि निजी क्षेत्र, सामुदायिक वन उपभोक्ता समिति, टोल विकास संस्था तथा सरोकारवालासँगको सहकार्यमा आगलागी रोकथाम, नियन्त्रण र उद्धारसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। साथै आवश्यक उपकरणको प्रयोग तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण प्रदान गरिनेछ। वन क्षेत्रमा लाग्ने आगलागी न्यूनीकरणका लागि सामुदायिक वन उपभोक्ता समितिहरूसँग समन्वय र सहकार्यलाई थप सुदृढ गरिनेछ।

१२८. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। विपद् व्यवस्थापन कोषलाई सुदृढ बनाउँदै खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण, वितरण तथा पुनर्स्थापनाका कार्यलाई प्रभावकारी र व्यवस्थित बनाइनेछ।

१२९. विपद् तथा जोखिमबाट प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई खोज तथा उद्धार, राहत वितरण तथा पुनर्स्थापनाका कार्यमा विशेष प्राथमिकता प्रदान गरिनेछ।

## भूमि व्यवस्थापन

१३०. त्रिवेणी गाउँपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको संकलित लगतका आधारमा राष्ट्रिय भूमि आयोगसँग समन्वय गरी जग्गाधनी प्रमाणपूर्जा (लालपूर्जा) वितरण कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ।

१३१. भूउपयोग योजनाको आधारमा भूमिको वर्गीकरण, संरक्षण तथा व्यवस्थित उपयोग सुनिश्चित हुने गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

## संस्थागत विकास तथा सुशासन

१३२. "गाउँपालिकावासीको चाहना, सुशासनयुक्त गाउँपालिकाको स्थापना भन्ने मूल मर्मलाई आत्मसात् गर्दै गाउँपालिकामा सुशासन, पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, लैङ्गिक उत्तरदायी बजेट परीक्षण, सार्वजनिक लेखापरीक्षण तथा तेस्रो पक्ष मूल्याङ्कन लगायतका विभिन्न विधिहरू अवलम्बन गरी सुशासन प्रवर्द्धन गरिनेछ।

१३३. गाउँपालिकाबाट सम्पादन हुने कार्य तथा निर्णय प्रक्रियामा जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्न युवा, महिला, बालबालिका, दलित, जनजाति, पिछडिएको वर्ग तथा अन्य लक्षित समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

१३४. निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरूले सम्पादन गरेका कार्य, उपलब्धि र प्रगतिको विवरण नियमित रूपमा नागरिक समक्ष सार्वजनिक गर्ने तथा सार्वजनिक जवाफदेहिताको संस्कृतिलाई संस्थागत गर्ने नीति अवलम्बन गरिनेछ।

१३५. कर्मचारीमा अनुशासन, जिम्मेवारीबोध र उत्कृष्ट कार्यसंस्कृतिको विकास गर्न दण्ड-पुरस्कार प्रणालीलाई थप प्रभावकारी बनाइनेछ। आचारसंहिताको पूर्ण पालना सुनिश्चित गर्दै वार्षिक रूपमा उत्कृष्ट तथा

सर्वोत्कृष्ट कर्मचारीको छनोट गरी सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।

१३६. गाउँपालिकाभित्र गठन भएका सबै टोल विकास समितिलाई थप सक्रिय, उत्तरदायी र गतिशील बनाइनेछ। समितिहरूले गरेका गतिविधि तथा उपलब्धिहरू समेटिएको वार्षिक प्रगति प्रतिवेदन अनिवार्य रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

१३७. गाउँपालिकामा कार्यरत सबै कर्मचारीको स्पष्ट कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याइनेछ। कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरिनेछ र सोही सम्झौताका आधारमा कार्यसम्पादन मूल्याङ्कन गरिने व्यवस्था गरिनेछ। सेवा प्रवाहप्रतिको प्रतिबद्धता, कार्यव्यवहार, जिम्मेवारी निर्वाह तथा आफ्नै पहलमा गरिएका सुधारात्मक कार्यहरूको मूल्याङ्कनका आधारमा वार्षिक रूपमा उत्कृष्ट र सर्वोत्कृष्ट कर्मचारी छनोट गरी सम्मान तथा पुरस्कृत गरिनेछ।

१३८. जनप्रतिनिधि तथा कर्मचारीहरूको ज्ञान, सीप र कार्यक्षमता अभिवृद्धि गर्दै सार्वजनिक सेवाको गुणस्तरमा सुधार ल्याउने नीतिलाई निरन्तरता दिइनेछ।

१३९. कार्यालयका अभिलेखहरूको व्यवस्थित संरक्षण तथा व्यवस्थापनमा सुधार गरिनेछ। साथै सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्दै संस्थागत क्षमता विकासलाई थप सुदृढ बनाइनेछ।

१४०. बजार व्यवस्थापन, शान्ति सुरक्षा प्रवर्द्धन तथा राजस्व संकलनलाई प्रभावकारी बनाउन नगर प्रहरी परिचालन गर्ने व्यवस्था गरिनेछ।

१४१. अन्तरपालिका स्तरमा विकसित भएका असल अभ्यासहरूको आदान-प्रदान तथा संस्थागत सिकाइलाई प्रोत्साहन गर्न कर्मचारीहरूलाई स्थलगत अध्ययन तथा अवलोकन भ्रमणमा सहभागी गराइनेछ। प्राप्त अनुभवलाई कार्यसम्पादन सुधारसँग आबद्ध गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।

१४२. गाउँपालिका तथा वडा कार्यालयहरूबाट प्रवाह हुने सेवासम्बन्धी प्रक्रियालाई सरल, सहज र सेवाग्राहीमैत्री बनाइनेछ। सेवा प्राप्तिका लागि आवश्यक निवेदन, फाराम तथा अन्य कागजातहरूको व्यवस्थापन र प्रक्रियागत सहजीकरण गरी नागरिकलाई छिटो, छरितो र गुणस्तरीय सेवा उपलब्ध गराइनेछ।

## आर्थिक प्रशासन

१४३. वित्तीय अनुशासनलाई थप सुदृढ बनाउँदै सुशासनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ। यसका लागि अनुत्पादक तथा प्रशासनिक प्रकृतिका चालु खर्चलाई क्रमशः नियन्त्रण गर्दै विकास निर्माण तथा पूर्वाधारमा केन्द्रित पूँजीगत खर्चको अनुपात बढाइनेछ।

१४४. विकास आयोजना तथा कार्यक्रमहरूको भुक्तानी प्रक्रियालाई थप पारदर्शी र जवाफदेही बनाइनेछ। आयोजनाको अन्तिम भुक्तानी गर्नुअघि सार्वजनिक रूपमा भुक्तानी दाबी विरोधसम्बन्धी सूचना प्रकाशन गरिनेछ। साथै आयोजना हस्तान्तरण तथा सम्पन्नताको आवश्यक विवरण प्राप्त नभएसम्म सम्बन्धित आयोजनाको अन्तिम भुक्तानी नगर्ने नीति अवलम्बन गरिनेछ।

१४५. वित्तीय कारोबारलाई सुरक्षित, छिटोछरितो र पारदर्शी बनाउन भुक्तानी प्रणालीलाई सूचना प्रविधिमैत्री

बनाइनेछ। सबै भुक्तानी प्रक्रियालाई क्रमशः (EFT) प्रणालीमार्फत् सञ्चालन गरी डिजिटल वित्तीय व्यवस्थापनलाई प्रवर्द्धन गरिनेछ।

## कानुनी मामिला तथा न्यायिक समिति

१४६. त्रिवेणी गाउँपालिकामा दर्ता हुने विवादहरूको समाधान न्यायका स्थापित सिद्धान्त, प्रचलित कानून तथा निष्पक्ष प्रक्रियाका आधारमा गरिनेछ। छलफल, संवाद, मध्यस्थता तथा मेलमिलापजस्ता वैकल्पिक विवाद समाधानका माध्यमलाई प्राथमिकता दिँदै न्याय प्रणालीलाई स्वतन्त्र, सहज पहुँचयुक्त, विश्वसनीय, पारदर्शी तथा प्रभावकारी बनाइनेछ। साथै न्यायिक समितिसँग सम्बन्धित अभिलेख, निर्णय र प्रतिवेदन व्यवस्थापनलाई व्यवस्थित र प्रविधिमैत्री बनाइनेछ।

१४७. वडा तहमा गठन भएका मेलमिलाप केन्द्रहरूको संस्थागत क्षमता सुदृढ गरी मेलमिलापबाट समाधान हुन सक्ने स्थानीय प्रकृतिका विवादहरू वडास्तरमै निष्पक्ष, छिटोछरितो र प्रभावकारी रूपमा निरूपण गर्ने कानूनी व्यवस्थालाई थप सशक्त बनाइनेछ।

१४८. गाउँपालिकाबाट जारी भएका ऐन, नियम, नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्डहरूलाई एकीकृत गरी संहिताकृत कानुनी सङ्ग्रह प्रकाशन गरिनेछ। साथै स्थानीय कानूनहरूको जानकारी र पहुँच अभिवृद्धिका लागि नियमित रूपमा राजपत्र प्रकाशन तथा अद्यावधिक गरिनेछ।

१४९. न्यायिक समितिबाट सम्पादित कार्य, भएका निर्णय, मेलमिलाप तथा विवाद समाधानका उपलब्धिहरूको व्यवस्थित दस्तावेजीकरण गरिनेछ। न्याय सम्पादन प्रक्रियामा पारदर्शिता र जनविश्वास अभिवृद्धि गर्न यस्ता विवरणहरू वार्षिक रूपमा सार्वजनिक गरिनेछ।

१५०. हिंसापीडित, असहाय तथा सहयोगापेक्षी व्यक्तिहरूको संरक्षण, पुनर्स्थापना र सशक्तिकरणका लागि राहत कोष स्थापना गरिनेछ। उक्त कोषमार्फत् आवश्यक राहत, कानुनी परामर्श, मनोसामाजिक सहयोग प्रदान गरिनेछ।

## राजस्व प्रशासन

१५१. गाउँपालिकाको वित्तीय आत्मनिर्भरता सुदृढ गर्न आन्तरिक आयका स्रोतहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गरिनेछ।

१५२. व्यवसाय कर तथा अन्य स्थानीय राजस्वको प्रभावकारी संकलनका लागि राजस्व शाखाको समन्वयमा घुम्ती राजस्व संकलन टोली परिचालन गरिनेछ। गाउँपालिकामा नियमित रूपमा राजस्व दाखिला गर्ने व्यवसायीहरूको अभिलेख व्यवस्थित राखी सबैभन्दा बढी राजस्व योगदान गर्ने व्यवसायीलाई सम्मान तथा प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ।

१५३. "**कर तिरी, बनाऔँ समृद्ध त्रिवेणी**" भन्ने अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करदातामैत्री सेवा प्रवाह, करको दायरा विस्तार तथा कानूनबमोजिम निर्धारण भएका कर, शुल्क, दस्तुर, रोयल्टी, बिक्री तथा निकासी राजस्वको संकलनलाई

सुदृढ बनाइनेछ। साथै राजस्व चुहावट नियन्त्रणका लागि प्रभावकारी अनुगमन तथा नियमनको व्यवस्था गरिनेछ।

१५४. गाउँपालिकाको राजस्व सुधार कार्ययोजनालाई निर्धारित लक्ष्य, रणनीति र कार्यसूची अनुसार प्रभावकारी रूपमा कार्यान्वयन गरी आन्तरिक राजस्व वृद्धिमा जोड दिइनेछ।

**गाउँसभा सदस्यज्यूहरू,**

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रमले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरणको संरक्षण एवं प्रवर्द्धन र सुशासन तथा संस्थागत विकास कायम गर्न महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु।

समृद्ध, आत्मनिर्भर र सुशासित त्रिवेणी गाउँपालिका निर्माणको अभियानमा निजी क्षेत्र, बुद्धिजीवी वर्ग, सम्पूर्ण राजनीतिक दलहरू, नागरिक समाज, सञ्चार जगत तथा समग्र त्रिवेणीवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत निरन्तर सहयोग, सहकार्य र सद्भावको अपेक्षा गर्दछु।

यस उनाइसौ गाउँसभामा प्रस्तुत हुने नीति, कार्यक्रम तथा बजेटका सम्बन्धमा महत्वपूर्ण सुझाव, राय र परामर्श प्रदान गर्नुहुने राजनीतिक दलहरू, पूर्व जनप्रतिनिधिज्यूहरू, विषयगत समिति, सरोकारवाला निकाय तथा सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

प्रस्तुत नीति तथा कार्यक्रम र यसका आधारमा संविधान तथा प्रचलित कानुनले निर्धारण गरेको समयसीमाभित्र प्रस्तुत हुने बजेटको प्रभावकारी कार्यान्वयनमा विगतमा झैं सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारीहरू, सुरक्षाकर्मीहरू, विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू, विकास साझेदारहरू तथा सम्पूर्ण गाउँपालिकावासीहरूको सक्रिय सहयोग, सहकार्य र अपनत्व प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद** !

**गाउँसभाको अधिवेशनमा मिति २०८३ असार ०८ गते सोमबार**
**बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री छविराज शर्माज्यूद्धारा प्रस्तुत**

# आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

त्रिवेणी गाउँपालिका
सल्यान
कर्णाली प्रदेश
२०८३

## बजेट तथा कार्यक्रम आ.ब. २०८३/०८४ :

**गाउँसभा अध्यक्षज्यू , सभा सदस्य ज्यूहरु,**

नेपालको संविधानको धारा २३० बमोजिम बजेट तथा कार्यक्रम तर्जूमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएको छु।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि भएका आन्दोलन तथा शासन प्रणालीको परिवर्तनका खातिर भएका विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै सहिद परिवार, विभिन्न आन्दोलनका घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकप्रति उच्च सम्मान प्रकट गर्दछु।

बजेट तर्जुमा गर्दा नेपाल सरकारको सोह्रौं योजना, कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना तथा त्रिवेणी गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजनाबाट प्राप्त उपलब्धी र अनुभव, नेपालको संविधान, नेपाल सरकारको सोह्रौं योजना र कर्णाली प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना तथा त्रिवेणी गाउँपालिकाको दोस्रो पञ्चवर्षीय योजनाको रणनीतिक सोच, नेपाल सरकारको दिगो विकास लक्ष्य, समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच तथा विनियोजन विधेयक, २०८३ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु माथि गाउँसभा सदस्यहरुबाट प्राप्त सुझाव एवं त्रिवेणी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम लाई प्रमुख आधारको रुपमा लिएको छु।

**सभाध्यक्ष महोदय,**

१. ***“सफा, हराभरा, सुन्दर शान्त त्रिवेणी गाउँपालिका, सुशासन सहभागिता दिगो विकास समृद्धि र समतामुलक समाज निर्माणमा हाम्रो प्रतिवद्धता”*** भन्ने मूल ध्ययेका साथ आर्थिक समृद्धि, सामाजिक न्याय, गरिबी निवारण, रोजगारी सृजना र उद्यमशीलता विकास गरी “समृद्ध त्रिवेणी गाउँपालिका, सुखी र सक्षम त्रिवेणीबासी” दीर्घकालीन सोच कार्यान्वयन गर्न आगामी वर्षको बजेट केन्द्रित हुनेछ।

२. सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्र समेतको सहयोग र सहभागितामा त्रिवेणी गाउँपालिकाको आर्थिक क्रियाकलाप तथा व्यावसायिक गतिविधिहरूमा विस्तार गरी पालिकाको अर्थतन्त्रलाई चलायमान गराई समग्र पालिकाको विकास र समृद्धिमा टेवा पुर्याउने अवधारणाबाट बजेट निर्माण गरेको छु।

**सभाध्यक्ष महोदय,**

***“स्वस्थ र समृद्ध त्रिवेणी गाउँपालिका, विकासमा हाम्रो प्रतिबद्धता”*** भन्ने मान्यतालाई आत्मसात गर्दै आगामी आर्थिक वर्षको कार्यदिशा स्पष्ट हुने गरी बजेटका सात उद्देश्य, सात प्राथमिकता र सात प्रमुख रणनीतिक क्षेत्र प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**बजेटका सात उद्देश्यहरू देहाय बमोजिम रहेका छन्**:

(क) तुलनात्मक लाभका क्षेत्रको पहिचान र विकास गरी पालिकाको उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिमार्फत् आर्थिक वृद्धि गर्नु,

(ख) तहगत सरकार विचको सहकार्य एवम् निजी क्षेत्र समेतको सहभागितामा पालिकाको अर्थतन्त्रको विकास र विस्तार गर्नु,

(ग) साधन स्रोतको सन्तुलित र समन्यायिक तवरले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरणमा जोड दिनु,

(घ) सामाजिक सशक्तीकरण, मूलप्रवाहीकरण तथा वितरणात्मक न्यायमार्फत् सामाजिक न्याय कायम गर्नु,

(ङ) शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवामा गाउँपालिकाबासीको समान, सरल र सुलभ पहुँच स्थापित गर्नु,

(च) दिगो, गुणस्तरीय र वातावरणमैत्री भौतिक पूर्वाधारको विकास गर्नु,

(छ) गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई प्रभावकारी तुल्याउनु ।

**बजेटका सात प्राथमिकताहरू देहाय बमोजिम तय गरेको छु**:

(क) शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास,

(ख) स्वस्थ, सक्षम र संस्कारयुक्त मानव संशाधन विकास,

(ग) उत्पादनशील र रोजगारमूलक क्षेत्रको विकास,

(घ) तुलनात्मक लाभ भएका क्षेत्रको पहिचान, विकास र उपयोग,

(ङ) उपयोगी, लाभदायक र प्रतिफलयुक्त क्षेत्रमा सरकारी लगानी प्रवाह,

(च) संस्थागत सुशासन कायम र सेवा प्रवाहमा सुधार,

(छ) कृषि, वन, उद्योग, पर्यटन र सूचना प्रविधिको विकास गरी रोजगारी सिर्जना ।

**अब म बजेटका प्रमुख सात रणनीतिक क्षेत्र प्रस्तुत गर्दछु**:

(क) सार्वजनिक खर्चमा मितव्ययिता कार्यदक्षता र प्रभावकारीता बढाई उपलव्धी र प्रतिफलसँग आवद्ध गर्ने,

(ख) प्रशासनिक संरचनालाई चुस्त, प्रविधिमैत्री, उत्तरदायी र जनमुखी तुल्याउने,

(ग) नवप्रवर्तन र उद्यमशीलता विकासमा जोड दिने,

(घ) सम्भाव्य आन्तरिक स्रोतको पहिचान, प्रक्षेपण र परिचालन बढाउने,

(ङ) स्रोत साधनको विनियोजनमा कुशलता र कार्यान्वयनमा दक्षता कायम गर्ने,

(च) अनावश्यक र फजुल खर्च माथि कडाइका साथ नियन्त्रण गर्ने,

(छ) प्रशासनिक संयन्त्रलाई नतिजामूलक तुल्याउन कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली अवलम्बन गर्ने ।

**सभाध्यक्ष महोदय,**

अब म गत आर्थिक वर्षका केही तथ्याङ्क सहित चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समीक्षा पेस गर्ने अनुमति चाहन्छु।

१. ११९.१ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस गाउँपालिकाको जनसङ्ख्या १२ औं जनगणना अनुसार १६ हजार ६ सय २४ रहेको छ।

२. खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत हिउँदे बाली प्रवर्द्धनका लागि २ वटा सहकारी मार्फत् १,२०० के.जी.उन्नत गहुँको बीउ, ११ सेट सिडबिन भकारी, ५० थान त्रिपाल तथा १ थान डिजिटल तराजु ११९ जना कृषकलाई वितरण गरिएको छ।

३. फलफूल खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत १ वटा सहकारी मार्फत् ३२५ गोटा दाँते ओखर र ७०० गोटा किवीका बिरुवा ३९ जना कृषकलाई वितरण गरिएको छ।

४. कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम अन्तर्गत १७५ जना कृषक लाभान्वित भएका छन्। उक्त कार्यक्रममा ५ लाख १८ हजार ६४ के.जी. तरकारी अक्षरुपी १ करोड ५५ लाख ४१ हजार ९ सय २० साथै २ लाख ३२ हजार ५ सय ७७ के जी सुन्तला अक्षरुपी १ करोड ६२ लाख ८० हजार ३ सय ९० रुपैया बराबरको बिक्री गरी नागरिकले प्रत्यक्ष आम्दानी प्राप्त गरेका छन्।

५. रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत २०० केजी कोदो तथा ५० केजी फापरको बीउ वितरण गरिएको छ।

६. त्रिवेणी गाउँपालिकाको कुल क्षेत्रफल ११,९११ हेक्टर रहेको छ। यसमध्ये ३,२३६ हेक्टर (२८%) खेतीयोग्य जमीन रहेको छ भने २,८५१ हेक्टर (८८%) जमीनमा खेती गरिएको छ।

७. आ.व. २०८२/०८३ मा सम्पन्न सिँचाई आयोजना मार्फत् थप १५.२५ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा विस्तार भई कुल खेतीयोग्य जमीनमध्ये ९३०.२५ हेक्टर (३२.६२%) जमीनमा सिँचाइ सुविधा पुगेको छ।

८. पशु सेवा शाखा तथा पशु सेवा केन्द्रमार्फत् ३,२५६ कृषकका १४९ गाई, ५२२ भैंसी, १६ हजार ७ सय ११ बाख्रा, १५ हजार ९६ कुखुरा, ५४ बंगुर तथा १४ कुकुरलाई उपचार तथा औषधि सेवा उपलब्ध गराईएको छ।

९. पशुपन्छी खोप कार्यक्रम अन्तर्गत ५६ हजार १ सय कुखुरालाई रानीखेत तथा गम्बोरो रोगविरुद्ध र ११४ वटा कुकुरलाई रेविज रोगविरुद्ध खोप सेवा प्रदान गरिएको छ।

१०. पशु बन्ध्याकरण कार्यक्रम अन्तर्गत ४२ वटा बोकालाई बन्ध्याकरण सेवा प्रदान गरिएको छ।

११. कृत्रिम गर्भाधान कार्यक्रम अन्तर्गत १८ वटा गाई, ६८ वटा भैंसी तथा १ वटा बाख्रा गरी जम्मा ८७ पशुमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराईएको छ।

१२. तेस्रो त्रैमासिकसम्म ९९ वटा भैंसी तथा २५ वटा बाख्राको रु. १ करोड ४८ लाख ४१ हजार बराबरको बीमा गरिएको छ।

१३. कृषकको उत्पादन गाउँपालिका अनुदान कार्यक्रम अन्तर्गत सूचीकृत सहकारी मार्फत् २ हजार ६ सय ९७ गोटा खसी बिक्री गरी रु.४ करोड ९५ लाख ८३ हजार ४ सय ३६ बराबरको खसी निर्यात भएको छ भने अण्डा उत्पादन तर्फ १ वटा लेयर्स फर्मबाट ३ लाख ७१ हजार ७ सय ६३ गोटा अण्डा बिक्री गरी ७४ लाख ३५ हजार २ सय ६० अण्डा बिक्री भएको छ। यस कार्यक्रमबाट मापदण्ड पुगेका ४६९ जना कृषकहरुलाई प्रति के.जी. २० रुपैयाका दरले १५ लाख ५५हजार ८ सय ६० रुपैया अनुदान प्रदान गरिएको छ भने अण्डा उत्पादन तर्फ प्रति अण्डा रु ५ पैसाका दरले रु १८ हजार ५ सय ८८ अनुदान प्रदान गरिएको छ।

१४. महामारी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत कुखुरापालक कृषकलाई जैविक सुरक्षासम्बन्धी औषधि तथा सामग्री वितरण गरिएको छ।

१५. शिक्षकको पेशागत सहयोगसम्बन्धी मेन्टरिङ कार्यक्रम अन्तर्गत २२ वटा आधारभूत विद्यालयहरूमा कक्षा अवलोकन तथा नमुना कक्षा प्रदर्शनको कार्य सम्पन्न गरिएको छ।

१६. शिक्षकहरुको क्षमता विकासका लागि एकीकृत पाठ्यक्रम सम्बन्धी ५ दिने कस्टमाइज तालिम, ICT सम्बन्धी ५ दिने क्षमता विकास तालिम, पुस्तकालय व्यवस्थापन सम्बन्धी तालिम, बालविकास शिक्षकहरुको क्षमता विकास सम्बन्धी तालिम सम्पन्न गरिएको छ।

१७. त्रिवेणी गाउँपालिकाको शैक्षिक सुधारका लागि विद्यार्थी संख्याका आधारमा विभिन्न ७ वटा विद्यालय मर्ज, ४ वटा विद्यालयको तह मिलान तथा शिक्षक दरबन्दी मिलान गरिएको छ।योग्यता प्रणालीका आधारमा सामुदायिक माध्यमिक विद्यालयमा प्रधानाध्यापक नियुक्तिको कार्य सम्पन्न गरिएको छ।

१८. नियमित खोप कार्यक्रम, गाउँघर क्लिनिक कार्यक्रम, (ANC) तथा (PNC) सेवा, गर्भवती महिलाहरुको निःशुल्क भिडियो एक्स-रे सेवा, जेष्ठ नागरिक घरभेट कार्यक्रम, रेविज सम्बन्धि भ्याक्सिन समेतका विविध सेवा प्रदान गरी नागरिकको स्वस्थ जीवनको प्रत्याभुति गराउने कार्य गरिएको छ।

१९. सार्वजनिक बिदाको दिनमा समेत स्वास्थ्य संस्था सञ्चालन गरी आकस्मिक तथा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

२०. लैङ्गिक हिंसा विरुद्ध सचेतना अभियान सञ्चालन गरिएको छ।विपन्न, दलित, जनजाति, मुस्लिम तथा यौनिक लैङ्गिक अल्पसंख्यक समुदायका लागि क्षमता विकासका विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ।

२१. सबै वडाहरुमा बाल अधिकार समिति गठन गरि बाल बचाउ, बाल संरक्षण, बाल सहभागिता तथा बालबिबाह न्यूनीकरण सम्बन्धी विभिन्न कार्य गरिएको छ साथै बाल उद्धार कोषको व्यवस्था गरिएको छ।

२२. अपाङ्गता परिचयपत्र वितरण तथा तथ्याङ्क अद्यावधिक सम्बन्धी घुम्ती शिविर सबै वडाहरूमा सञ्चालन गरी अपाङ्गता भएका व्यक्तिहरूको पहिचान, परिचयपत्र वितरण तथा तथ्याङ्क व्यवस्थापन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइएको छ।

२३. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सबै लाभग्राहीको समयमै सामाजिक सुरक्षा भत्ता निकासा गर्ने कार्य गरिएको छ।

२४. लामो समयदेखि निर्माणाधीन अवस्थामा रहेको प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गरिएको छ। साथै भवन परिसर अन्तर्गत नाला निर्माण, पार्किङ स्थल, उद्यान (गार्डेन), पशु सेवा शाखाका लागि उपचार कक्ष, औषधि भण्डारण कक्ष लगायतका संरचना निर्माण गर्न दोस्रो चरणको ठेक्का आह्वान गरी निर्माण कार्य अगाडि बढाईएको छ।

२५. दश शैयाको आधारभूत अस्पताल निर्माण कार्य करिब ७० प्रतिशत सम्पन्न भएको छ। उक्त अस्पताल निर्माण सम्पन्न भएपछि स्थानीय नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा थप सहजता हुने अपेक्षा गरिएको छ।

२६. कोलचौर खोला - कोलचौर खज्जर - अनरुद्र हुँदै दाङ जोड्ने सडक आयोजनाको आर्थिक वर्ष २०८०/०८१ अन्तर्गत पहिलो चरणको निर्माण कार्य सम्पन्न भएको छ। साथै आर्थिक वर्ष २०८१/०८२ मा दोस्रो चरणको निर्माण कार्य भइरहेको छ।

२७. जे.सि.वि. खरिद गरी विभिन्न वडाका सडकहरूको मर्मत, नयाँ ग्रामीण सडक विस्तार गर्ने कार्य सम्पन्न गरिएको छ। यसले पूर्वाधार निर्माण कार्यलाई छिटो, प्रभावकारी तथा लागत-मैत्री बनाउन सहयोग पुगेको छ।

२८. काभ्रा स्वास्थ्य चौकी पूर्वाधार निर्माण आयोजना, लुहाम ढोरचौर सडक स्तरोन्नति आयोजना निर्माणाधीन अवस्थामा रहेका छन्। भुम्केज्यूला-श्रीचौर खानेपानी निर्माण आयोजना सम्पन्न भएको छ। साथै वडा नं. ३ को वडा कार्यालय भवन निर्माण आयोजना सम्पन्न भई आफ्नै भवनबाट एकीकृत सेवा प्रवाह गर्ने अवस्था रहेको छ।

२९. त्रिवेणी गाउँपालिकाका पर्यटकीय क्षेत्रहरुको विकास तथा विस्तारका लागि गैरीकटेरीमा मन्दिर निर्माण, शिद्धगुफा पर्यटकीय पूर्वाधार निर्माण, रिखे बजारमा मन्दिर निर्माण, गैरासल्ले तथा सिम्कमा मन्दिर निर्माणको कार्य सम्पन्न गरिएको छ।

३०. राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत बयाले, चिसापानी, पुतलीगैरा टाकुराखेत सिँचाई कुलो निर्माण आयोजना, डाँडालुहाम सेतापहिरा-ढाँग्रे-सार्केटारी सिँचाई कुलो निर्माण आयोजना, गैराढकाल-हुर्राखेत विरौटा तथा लोटाउनेटाट्के सिँचाई कुलो निर्माण आयोजनाहरुबाट ४ किलोमिटर सिँचाई कुलो निर्माण सम्पन्न भएको छ। यसबाट उर्वर जमीनमा सिंचाई सुविधा उपलब्ध भई उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ।

३१.	मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरूबाट २ किलोमिटर सिंचाई कुलो निर्माण सम्पन्न भएको छ साथै खोलाको कटानबाट खेतीयोग्य जमीन बचाउनको लागि तटबन्धन निर्माणका कार्यहरु सम्पन्न भएका छन् । यस कार्यक्रम मार्फत् बेरोजगार नागरिकहरूलाई रोजगारीको अवसर उपलब्ध गराउनुका साथै स्थानीय विकास निर्माण कार्यलाई समेत गति प्रदान गरिएको छ।

३२.	सबै सिंचाई आयोजनाबाट कुल १२ हजार १ सय ८२ मिटर सिंचाई कुलो निर्माण भएको छ भने सबै खानेपानी आयोजना अन्तर्गत १ सय ५६ वटा एक घर एक धारा विस्तार भएका छन्, सडकको स्तरवृद्धि गर्दै २०२ मिटर सल्याब तथा २०२ मिटर पक्कि नाला निर्माण गरिएको छ।

३३.	विभिन्न प्राकृतिक विपद्का कारण भौतिक क्षति व्यहोरेका परिवारहरूको तथ्याङ्क संकलन तथा यथार्थ पहिचान गरी आवश्यक राहत सामग्री तथा सहयोग उपलब्ध गराईएको छ। यसले विपद् प्रभावित नागरिकहरूको राहत तथा पुनर्स्थापनामा महत्वपूर्ण सहयोग पुगेको छ।

३४.	आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षणको क्रममा कुल बेरुजु रकम रु. २७ लाख १९ हजार मात्र कायम रहेको छ। सम्परीक्षण प्रक्रियामार्फत् रु. ४ करोड १६ लाख २७ हजार ८ सय ५७ बराबरको बेरुजु फर्स्यौट गरिएको छ।

३५.	हाल सञ्चित बेरुजु रकम रु. ९ करोड ५२ लाख ६६ हजार ६ सय ३ मात्र रहेको छ, जसले वित्तीय सुशासन तथा पारदर्शिता कायम गर्न पालिकाले प्रभावकारी कार्य गरेको पुष्टी हुन्छ।

३६.	पालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी तथा माध्यमिक विद्यालयहरूमा ई हाजिरी प्रणाली अनिवार्य रूपमा कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। यसले कर्मचारी उपस्थितिलाई व्यवस्थित तथा पारदर्शी बनाउन सहयोग पुगेको छ।

३७.	सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी तथा प्रविधिमैत्री बनाउन SUTRA, PAMS V@, EHIRRS, Online Registration, IRIS Software, PLMIS, RMIS **तथा** EMIS लगायतका विभिन्न अनलाइन प्रणालीमार्फत् सेवा प्रदान गरिएको छ।

३८.	एम्बुलेन्स सेवामार्फत् विपन्नवर्ग तथा सुत्केरी महिलाहरूलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराई स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गरिएको ।

**सभाध्यक्ष महोदय,**

अब, म आर्थिक वर्ष २०८३/८४ को क्षेत्रगत कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## आर्थिक विकास :

उत्पादन र उत्पादकत्व वृद्धि गरी वास्तविक कृषकसम्म अनुदानको पहुँच सुनिश्चित गर्न सञ्चालनमा रहेको ***"कृषकको उत्पादन गाउँपालिकाको अनुदान"*** कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१.	***"पशुपन्छीको नश्ल सुधार, उत्पादकत्व वृद्धिको आधार"*** भन्ने मूल नारालाई आत्मसात् गर्दै गाई, भैंसी तथा बाख्रामा प्राकृतिक तथा कृत्रिम गर्भाधान मिशन कार्यक्रम र हरियो घाँस विस्तार कार्यक्रमलाई

अभियानका रूपमा सञ्चालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। साथै व्यावसायिक पशुपालक कृषकहरूको सम्मान तथा प्रोत्साहनका लागि पालिका स्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमको व्यवस्था गरेका छौ।

२. कृषकको घरदैलोमै पशुपन्छीको उपचार सेवा उपलब्ध गराउन प्रत्येक वडामा घुम्ती पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर सञ्चालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३. पशुपन्छीमा हुने महामारीजन्य रोगहरूको प्रभावकारी नियन्त्रणका लागि आवश्यक औषधिको व्यवस्था साथै रोगहरुको निवारणका लागि विभिन्न खोपको व्यवस्था गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

४. पशुपालन व्यवसायलाई सुरक्षित, व्यवस्थित तथा जोखिमरहित बनाउन पशु बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था गरेको छु।

५. त्रिवेणी गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर गराउन साथै व्यवसायीकरण गरी आर्थिक रुपमा सक्षम बनाउन खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

६. किसानहरुलाई व्यवसायिक रुपमा तरकारी खेतीमा आकर्षित गरी व्यवसायिक कृषकको विस्तार गर्नको लागि तरकारी प्रबर्द्धन कार्यक्रको व्यवस्था गरेको छु।

७. स्थानीय स्तरमा लोपोन्मुख अवस्थामा रहेका परम्परागत रैथाने बालीहरुको संरक्षण तथा विस्तार गर्ने, पोषण अवस्थामा सुधार गर्ने तथा ब्रान्डिङ गरि बिक्री वितरण गर्नको लागि रैथानेबाली प्रवर्द्धन कार्यक्रमको व्यवस्था गरेको छु।

८. व्यवसायिक रुपमा फलफुल खेतीको विस्तार गर्न नयाँ फलफुल बगैचाको स्थापना, पुराना बगैचाको क्षेत्र विस्तार कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

९. रासायनिक मल माथिको अत्यधिक निर्भरता न्यूनिकरण गर्दै जैविक मलको प्रयोगमा कृषकलाई प्रोत्साहन गर्न तथा माटोको प्राकृतिक उर्वराशक्तिमा वृद्धि गर्नको लागि प्राङ्गारिक मल प्रबर्द्धन कार्यक्रममा आवश्यक बजेटको प्रवन्ध गरेको छु।

१०. खाद्यान्न बालीमा आकस्मिक रुपमा फैलिन सक्ने रोग किराको प्रकोपबाट हुन सक्ने क्षतिलाई नियन्त्रण गर्न आकस्मिक बाली संरक्षण कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

११. गाउँपालिकाबाट सञ्चालन हुने कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरूमा महिला, दलित, जनजाति तथा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकता दिई उनीहरूको आर्थिक सशक्तीकरण र जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले आयआर्जन वृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएका छौँ।

१२. भौगोलिक विशेषता तथा उत्पादनको सम्भावनाका आधारमा पकेट क्षेत्र निर्धारण गरी ***"एक वडा, एक विशेष उत्पादन"*** कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१३. कृषि तथा पशुजन्य उत्पादनको बिक्री वितरणलाई व्यवस्थित र प्रभावकारी बनाउन सहकारीलाई परिचालन गर्ने कार्यलाई निरन्तरता प्रदान गरेको छु ।

१४. सिँचाई सुविधाको अभाव रहेका कृषि योग्य भूमिहरु सिँञ्चित गरी उत्पादन वृद्धि गर्नमा जोड दिएका छौं । जसको लागि पाखे सिचाई कुलो निर्माण आयोजनाको लागि रु ३४ लाख ६९ हजार, दार्यारह सिँचाई कुलो निर्माण आयोजनाको लागि रु. ३४ लाख ६९ हजार, तल्लो डाँडा बार्ने सिँचाई कुलो निर्माण आयोजनाको लागि रु. ३४ लाख ६९ हजार, कुहिरे रह सिँचाई कुलो निर्माण आयोजनाको लागि रु. ३४ लाख ६९ हजार, गौरे ज्यूला सिंचाई कुलो निर्माण आयोजनाको लागि रु ३४ लाख ६९ हजार बजेटको व्यवस्था गरेको छु ।

१५. उद्यमशीलता मार्फत् रोजगारी र उत्पादनमा वृद्धि गर्ने मेडपा कार्यक्रम अन्तर्गत नयाँ र पुराना उद्यमीहरुको क्षमता विकासका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१६. सहकारीलाई क्रियाशील र सक्षम बनाउन उपयुक्त क्षमता विकास तालिमको व्यवस्था मिलाएका छौं ।

१७. पर्यटकीय पूर्वाधारको विकास मार्फत् आर्थिक गतिविधिहरुलाई चलायमान गर्न आवश्यक व्यवस्था मिलाएका छौं ।

१८. रावलखोला पलासेचौर र वनघर सिँचाई कुलो निर्माण आयोजना वडा नं. १, गौरेजिउला तथा लामा जिउला मुहान सिँचाई कुलो निर्माण आयोजना वडा नं. २, हात्तीढुङ्गा बगरज्यूला घुसुल्ला हुँदै गैरीखे तसम्म सिँचाई कुलो निर्माण आयोजना वडा नं. ३, डाँडा लुहाम सिँचाई कुलो निर्माण आयोजना वडा नं. ४, काली कोइरेली तथा मुल कुलो सिँचाई कुलो निर्माण आयोजना वडा नं. ५, शारदा खोला लोरे अम्रै तटबन्धन निर्माण आयोजना वडा नं. ६ समेतका लागि रु ९० लाख बजेट विनियोजन गरिएको छ ।

१९. उत्पादन र उद्यमशीलता मार्फत् रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप संचालन गर्नको लागि संघीय सरकारसँग शत प्रतिशत साझेदारी गर्न रु. २० लाख ९४ हजार बजेट विनियोजन गरेको छु ।

२०= आर्थिक विकासका क्षेत्र अन्तर्गत माथि उल्लेखित आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न रु २ करोड ९५ लाख ९ हजार रकम विनियोजन गरेको छु ।

## सामाजिक विकास

२१. सामुदायिक विद्यालयमा भवन, शौचालय, खेलकुद मैदान, विद्यालय घेरबार, रंगरोगन, बसाई व्यवस्थापन, मर्मत सम्भार तथा व्यवस्थापन समेतका कार्यको लागि आवश्यक प्रवन्ध मिलाएको छु ।

२२. सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव निर्माण तथा प्राथमिक विद्यालयमा ल्यापटप तथा फोटोकपि मेसिन वितरण तथा सबै आधारभुत विद्यालयमा इ-हाजिरी जडान तथा व्यवस्थापन समेतका कार्यको लागि रु ४० लाख बजेट विनियोजन गरेको छु ।

२३. सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुको सम्भावित जोखिम बहन गर्नको लागि बीमा

कार्यक्रमको व्यवस्थापन गरेको छौं ।

२४. सामुदायिक विद्यालयमा अध्ययनरत अभिभावकविहिन, टुहुरा, अनाथ, सडक बालबालिकालाई शिक्षामा पहुँच अभिवृद्धि गर्न छात्रवृत्ति कार्यक्रमको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु।

२५. शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधि बमोजिम गाउँपालिका अनुदानमा करारमा पदपूर्ति गरिएका स्वंयसेवक शिक्षकलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु।

२६. सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययनरत कुल २२४ जना विद्यार्थीहरुको SEE तयारीलाई लक्षित गरी ६ महिनासम्म गणित, अङ्ग्रेजी तथा विज्ञान विषयका लागि अतिरिक्त कक्षा सञ्चालन गर्न अनुदान कार्यक्रमको लागि रु. ८ लाख ५० हजार बजेटको व्यवस्था गरेका छौं । सामुदायिक विद्यालयबाट SEE परीक्षामा ४ न्एब ल्याउने विद्यार्थीलाई रु १ लाख नगद पुरस्कारबाट सम्मान गरिनेछ भने ब+ जि पि ए ल्याउने विद्यार्थीलाई समेत नगद पुरस्कारबाट पुरस्कृत गरिनेछ साथै उत्कृष्ट नतिजा ल्याउने विद्यालय, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई पुरस्कृत गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

२७. सार्वजनिक शिक्षाको गुणस्तर र सिकाई उपलब्धीलाई अभिवृद्धि गर्न शिक्षकहरूको कार्यसम्पादनलाई नतिजासँग आबद्ध गर्दै वस्तुनिष्ठ सूचकका आधारमा ***"पुरस्कार र दण्ड"*** को नीतिलाई दृढताका साथ कार्यान्वयन गरिनेछ।

२८. स्थायी शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई पूर्ण रूपमा नतिजामा आधारित बनाइनेछ भने अस्थायी, राहत तथा गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरूको करार म्याद थप गर्दा विद्यार्थीको प्राप्ताङ्क र शैक्षिक सुधारका लागि तय गरिएको ***"कार्यसम्पादन सम्झौता"***(Performance Contract) को सूचक बमोजिम विद्यालयको शैक्षिक प्रगतिको लागि निर्धारण गरिएको लक्ष्य पूरा गरेमा मात्र म्याद थप गरिने कानुनी व्यवस्था मिलाएको छु।

२९. विद्यार्थीहरुको नतिजा मापनलाई स्तरीय तथा बैध बनाउन हाल सञ्चालनमा रहेको परीक्षा प्रणालीलाई परिमार्जन गरिनेछ। यसका लागि वार्षिक परिक्षा सञ्चालन गर्दा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष तथा निरीक्षकहरु तोकी परिक्षा सञ्चालन गरिने व्यवस्था मिलाइने छ।

३०. विद्यार्थीहरूको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्दै उनीहरूभित्र रहेको रचनात्मक एवं नवप्रवर्तनकारी क्षमता प्रस्फुटन गराउन आगामी आर्थिक वर्षमा गाउँपालिका स्तरीय ***"सिकाई प्रदर्शनी मेला"*** आयोजना गरिनेछ जसका लागि आवश्यक बजेटको प्रवन्ध मिलाएको छु।

३१. छात्राहरुलाई महिनावारी हुँदा कक्षा छाड्ने, विद्यालयमा अनुपस्थित हुने दर घटाई उपस्थिति बढाउन निःशुल्क सेनेटरी प्याड वितरण कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता प्रदान गरेको छु।

३२. औपचारिक शिक्षा प्राप्त गरेका तथा शिक्षाबाट बञ्चित रहेका बालबालिकाहरूलाई सामुदायिक सिकाई

केन्द्र मार्फत् उनीहरूको जीवनस्तर सुधार्न र आयआर्जनसँग जोड्नका लागि व्यावहारिक, रोजगारोन्मुख सीपमूलक तालिमहरू प्रदान गर्ने व्यवस्था मिलाएको छु।

३३. ***"स्वास्थ्य, सुरक्षा तथा पहिचान सँगै राष्ट्रको लागि खेलकूद"*** भन्ने मुल मन्त्रलाई आत्मसात गर्दै गाउँपालिकास्तरीय अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शिल्ड सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएका छौं ।

३४. युवा जनशक्तिलाई खेलकुद तर्फ प्रेरित गर्न खेलकुद सामग्रीको वितरणका साथै पालिकास्तरीय क्रिकेट तथा फूटबल जस्ता वृहत् खेलकुद प्रतियोगिताहरू आयोजना गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३५. पालिकास्तरबाट सहभागी भई जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरमा पदक जित्ने खेलाडीलाई सम्मान तथा प्रोत्साहनको लागि आवश्यक व्यवस्था मिलाएका छौँ ।

३६. समाज जागरण केन्द्र (स्याक नेपाल) बाट सञ्चालित गुणस्तरीय सिकाइका लागि विद्यालय शिक्षा क्षेत्र योजना तथा बजेट निर्माणमा स्थानीय सरकारको क्षमता अभिबृद्धि कार्यक्रमलाई निरन्तरता प्रदान गरेको छु ।

३७. रुम टु रिड (साक्षरता कार्यक्रम) अन्तर्गत बसाइ व्यवस्थापन तथा पुस्तकालय निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएका छौं ।

३८. बालिका तथा समावेशीतालाई उच्च प्राथमिकता दिदै बालिका तथा समावेशी शिक्षा कार्यक्रमको लागि आवश्यक बजेटको प्रवन्ध मिलाएका छौं ।

३९. त्रिवेणी स्वास्थ्य चौकीलाई आधारभुत अस्पतालको रुपमा स्तरोन्नति गर्दै आवश्यक स्वास्थ्य उपकरण प्रयोगशालाका सामाग्री तथा वर्थिङ सेन्टरका लागि शैया तथा उपकरण खरिद तथा व्यवस्थापन एवं फार्मेसी सञ्चालन तथा MBBS डाक्टर सहितको विशेषज्ञ सेवा प्रदान गर्नको लागि रु ६० लाख बजेट विनियोजन गरेको छु ।

४०. महिला स्वास्थ्य स्वयम् सेविकाहरु तथा "ख" वर्गका अपाङ्गहरुलाई ५०% बीमा प्रिमियमको व्यवस्था गर्ने कार्यलाई निरन्तरता प्रदान गरेको छु साथै स्वास्थ्य स्वयम् सेविकाहरुको प्रोत्साहन भत्ताको लागि रु.८ लाख ६४ हजार बजेटको व्यवस्था गरेको छु ।

४१. नागरिकको स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्न विगतदेखि नै ३६५ दिन सञ्चालन हुँदै आएका स्वास्थ्य संस्थाहरू सार्वजनिक बिदाका दिनमा समेत सुचारू राख्न यस वर्ष पनि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४२. मातृ तथा नवशिशुको स्वास्थ्य अवस्थाको पहिचान गर्नको लागि स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा सञ्चालन गरिदै आएको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता प्रदान गरेको छु ।

४३. कुकुर विरालो तथा जंगली जनावरका कारण हुन सक्ने रेविज रोगबाट नागरिकलाई पालिकास्तरमा सेवा उपलब्ध गराउनको लागि रेविज भ्याक्सिन व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

४४. आयुर्वेद सेवाको माध्यमबाट नागरिकमा उपचारात्मक तथा रोग प्रतिरोधात्मक क्षमताको विस्तार गर्न तथा आहार विहार एवं योगाको माध्यमबाट नसर्ने रोगको बढदो जोखिम न्यूनिकरण गर्न नागरिक आरोग्य सेवा सञ्चालन गरिनेछ। यसका लागि आवश्यक व्यवस्था मिलाएको छु।

४५. सुनौला हजार दिनका विपन्न महिलाको पोषण अवस्थामा सुधार गरी पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन गरिनेछ।

४६. मृगौला प्रत्यारोपण गरेका, डाइलाइसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार खर्च वापत मासिक रु ५ हजार उपलब्ध गराईने कार्यक्रमलाई निरन्तरता प्रदान गरेको छु।

४७. मानसिक स्वास्थ्य प्रवर्द्धनको माध्यमबाट आत्महत्या रोकथाम सम्बन्धी जनचेतना विस्तार गर्नको लागि आवश्यक व्यवस्था मिलाएको छु।

४८. स्वस्थ, सबल र सक्षम नागरिक नै हाम्रो पालिका विकासको मुख्य मेरुदण्ड हुन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को भावना, नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना-तेस्रो (आ.व. २०८०/८१-२०८७/८८) को राष्ट्रिय लक्ष्य र दिगो विकास लक्ष्य नम्बर २ शुन्य भोकमरी लाई आत्मसात गर्दै यस पालिकालाई आगामी तीन वर्षभित्र "***पूर्ण पोषणमैत्री स्थानीय तह***" घोषणा गर्ने दृढ सङ्कल्प बजेट मार्फत् प्रस्तुत गर्दछु।

४९. शारीरिक तथा मानसिक रुपमा अशक्त परिवार र संरक्षण नपाएका जेष्ठ नागरिकको निशुल्क उपचार, सडक नागरिकको उद्धारका लागि मानव सेवा आश्रमसँगको समन्वयमा उद्धार एवं पारिवारिक पुनर्मिलनका कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रवन्ध मिलाएको छु।

५०. खानेपानी आयोजनाहरुको निर्माण, मर्मत सम्भार गरी एक घर, एक धाराको माध्यमबाट सबै घरधुरीमा शुद्ध र गुणस्तरीय खानेपानी सेवा पुर्याउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु। लुहामखोला बार्ने खानेपानी तथा सरसफाई आयोजनाको लागि रु. ८९ लाख, लाकुरी रुख माथिल्लो काभ्रा माझजिउला खानेपानी आयोजना वडा नं. १ को लागि रु. ५७ लाख ९६ हजार, भ्वाकभ्वाके खानेपानी आयोजना वडा नं. ५ को लागि रु. ५५ लाख १० हजार, कोटघर खानेपानी आयोजना वडा नं. २ को लागि रु. ५७ लाख १४ हजार बजेट विनियोजन गरेको छु।

५१. त्रिवेणी गाउँपालिकाका नागरिकहरुमा स्वच्छ खानेपानीको पर्याप्त आपूर्तिको व्यवस्था मिलाउनको लागि  खानेपानीका मुहानहरुमा स्वच्छता परीक्षण गर्न पानी परीक्षण गर्ने व्यवस्था मिलाएका छौ।

५२. त्रिवेणी गाउँपालिका भित्रका दलित, जनजाती, मुस्लिम, अपाङ्ग, तथा महिलाहरुका लागि सम्मान तथा आय आर्जनका सिपहरु उपलब्ध गराई आत्मनिर्भर गराउनको लागि आवश्यक प्रवन्ध मिलाएको छु।

५३. महिला उद्यमशिलता विकासका लागि जिविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गर्नेछौं ।

५४. समतामुलक, सभ्य र सुसंस्कृत समाज निर्माणका लागि छुवाछुत तथा भेदभाव विरुद्ध अभियान सञ्चालन गर्नेछौ । बालश्रम, लैङ्गिक हिंसा, यौन दुर्व्यवहार, महिनावारी विभेद, बालविवाह जस्ता सामाजिक विकृतिको अन्त्यका लागि सामाजिक रुपान्तरणको अभियान सञ्चालन गर्नेछौ ।

५५. युवाहरुलाई विभिन्न विषयगत छोटो अवधिका र कार्यस्थलमा आधारित तालिम सञ्चालन गरी सीपयुक्त बनाउने छौं । विदेशमा अलपत्र परेका नेपाली नागरिकलाई उद्धार गर्न र मृत्यु भएका श्रमिकको शव सहज रुपमा ल्याउने प्रवन्ध मिलाएका छौं ।

५६. त्रिवेणी गाउँपालिकाभित्रका जेष्ठ नागरिकको सम्मान गर्दै उनीहरुको अनुभवको आदान प्रदान गर्ने साथै सहज जीवनयापनका लागि आवश्यक पर्ने सामाग्री वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५७. परम्परागत बाजागाजा संरक्षण गर्न तथा महिला सशक्तिकरणलाई व्यवहारगत रुपमा कार्यान्वयन गर्नका आवश्यक तालिम र बाजाहरुको व्यवस्थापन गर्नको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

५८. सामाजिक विकास क्षेत्र अन्तर्गत माथि उल्लेखित आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न २५ करोड ६७ लाख ३५ हजार रुपैया विनियोजन गरेको छु ।

## पूर्वाधार विकास

५९. वडा स्तरबाट सञ्चालन हुने प्रशासनिक सेवालाई आफ्नै भवनबाट व्यवस्थित रुपमा उपलब्ध गराउनको लागि वडा कार्यालय निर्माण कार्यलाई प्राथमिकतामा राखेको छु। यस वर्ष वडा नं. २ को वडा कार्यालय भवन निर्माणको लागि रु. १ करोड ७८ लाख बजेट विनियोजन गरेको छु ।

६०. पालिका गौरबका आयोजनाहरु अन्तर्गत ढुंगिबजार पिमखोला मखनटाकुरी हुँदै दाङ जोड्ने सडक स्तरवृद्धिको लागि रु. १ करोड ८८ लाख बजेट विनियोजन गरेको छु ।

६१. राप्ती राजमार्गको बैकल्पिक सडकको रुपमा विकास गर्न लुहाम फलाबाङ मखनटाकुरी हुदै दाङ जोड्ने सडक स्तरवृद्धिको लागि रु. १ करोड ३३ लाख बजेट विनियोजन गरेको छु ।

६२. लुहाम ढोरचौर सडक स्तरोन्नति आयोजनाको लागि रु. ३ करोड बजेट विनियोजन गरेको छु ।

६३. सरस्वती माध्यमिक विद्यालय सिम्क पूर्वाधार निर्माण आयोजनाको लागि रु १५ लाख बजेटको व्यवस्था गरेको छु ।

६४. त्रिवेणी गाउँपालिका वडा नं. ४ फलाबाङमा निर्माणाधीन अवस्थामा रहेको गौशाला निर्माणको कार्यलाई सम्पन्न गरिनेछ । उक्त आयोजना सम्पन्न गर्नको लागि रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

६५. त्रिवेणी गाउँपालिका वडा नं. ५ मा हालसम्म सडकको पहुँचबाट टाढा रहेको बस्ती अन्तर्गत ढोरचौर आकासी सडक निर्माण आयोजना सम्पन्न गरिनेछ जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको

छु।

६६. त्रिवेणी गाउँपालिकाको प्रशासकीय भवनमा पूर्वाधार निर्माण क्रमागत आयोजनाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

६७. त्रिवेणी गाउँपालिकाका विभिन्न स्थानहरुमा कृषि सडक, ग्रामीण सडक निर्माण गर्ने तथा सडकको स्तरोन्नतिका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

६८. वर्षातको कारण बिग्रेका सडकहरुको मर्मत सम्भार गर्नको लागि आबश्यक बजेटको व्यवस्था गरेको छु।

६९. त्रिवेणी गाउँपालिकामा नयाँ निर्माण हुने घरहरुलाई नक्सापासको मापदण्डभित्र ल्याउन, आवश्यक व्यवस्था मिलाइएको छ।

७०. पूर्वाधार विकास अन्तर्गतका विभिन्न आयोजना कार्यान्वयन गर्नको लागि १२ करोड ९८ लाख ४३ हजार रकम विनियोजन गरेको छु।

## सूचना तथा सञ्चार प्रविधि

७१. शिक्षा, स्वास्थ्य, विकास निर्माण र सेवा प्रवाह लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित बनाउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

७२. पालिकाबाट सञ्चालन हुने अनलाइन प्रणालीहरुबीच अन्तर आबद्धता कायम गरी सेवा उपलब्ध गराउन तथा सबै किसिमका गतिविधिहरु वेबसाइट, फेसबूक पेज तथा सूचना पाटी मार्फत् सार्वजनिक गर्नको लागि आवश्यक व्यवस्था मिलाएको छु।

७३. पालिकाबाट सञ्चालन गरिने विभिन्न आयोजना तथा कार्यक्रमहरुको सम्बन्धमा आम नागरिकमा सूचना प्रवाह गर्न जिल्ला स्थित सामुदायिक रेडियोहरु तथा सञ्चारकर्मीहरुसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

## उपभोक्ता हित संरक्षण

७४. त्रिवेणी गाउँपालिकाभित्र सञ्चालन हुने सबै प्रकृतिका उद्योग, व्यापार, व्यवसायलाई कानुन बमोजिम दर्ता गर्नको लागि आवश्यक व्यवस्था मिलाएको छु।

७५. उपभोग्य वस्तु वा सेवाको गुणस्तर परिमाण एवं मुल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्ने तथा स्वच्छ, प्रतिस्पर्धी र स्वस्थ बजार निर्माण तथा प्रवर्द्धन गरी कालोबजारी पूर्णरुपमा नियन्त्रण गर्न बजार अनुगमनको व्यवस्था मिलाएको छु।

## वन वातावरण तथा विपद् व्यवस्थापन

७६. ***"रुख रोपौं, वातावरण जोगाँउ"*** भन्ने अभियानका साथ सार्वजनिक जग्गा, सामुदायिक वन, नदी किनार, सरकारी कार्यालय परिसरमा वृक्षारोपण गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

७७. राप्ती राजमार्ग लगायतका अन्य सडकहरुमा हुन सक्ने सम्भावित दुर्घटना, आगलागी, बाढी पहि(

रो जस्ता विपद्जन्य घटनाहरुबाट पर्न सक्ने अधिकतम क्षतिलाई न्यूनीकरण गर्नको लागि त्रिवेणी गाउँपालिकामा आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना गरिनेछ।उक्त कार्य सञ्चालन केन्द्रलाई प्रभावकारी ढंगले सञ्चालनका लागि मानव संशाधन तथा उपकरणको व्यवस्थापन गर्ने कार्यको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

७८. ***"सुरक्षित आवास, गाउँपालिकाको विश्वास"*** भन्ने नाराका साथ स्थानीय सरकारको अपनत्व कायम गराउन गाउँपालिकाभित्रका सम्पूर्ण नागरिकका घरहरूको बीमा गर्ने नवीन कार्यक्रम प्रस्तुत गरेका छौं। यस कार्यक्रम अन्तर्गत प्राकृतिक विपदबाट घर पूर्ण वा आंशिक क्षति भएमा नागरिकले सहज रूपमा क्षतिपूर्ति पाउने व्यवस्था मिलाइनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७९. विपद् प्रतिकार्यमा संलग्न जनशक्ति र स्वयंसेवकको क्षमता विकास गर्नेछौं। यसका लागि आवश्यक क्षमता विकासको तालिम सञ्चालन गरिनेछ।

८०. खेतीयोग्य जमीनमा बाढीका कारण हुन सक्ने कटान तथा डुवानलाई नियन्त्रण गर्नको लागि विभिन्न स्थानमा तटबन्धन निर्माण कार्यका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

८१. त्रिवेणी गाउँपालिकाका सामुदायिक बन उपभोक्ता समितिहरुको क्षमता विकास गर्नको लागि समूहका पदाधिकारीहरुलाई व्यवस्थापन तथा लेखापालन तालिम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

८२. वन तथा वातावरण क्षेत्रका आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि २९ लाख ३१ हजार बजेट विनियोजन गरेको छु।

## संस्थागत विकास तथा सुशासन

८३. कार्यालयको संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गरिएको छ। वडा कार्यालय तथा शाखाहरुमा सूचना प्रविधि लगायतका उपकरणको व्यवस्थापन गरि काम कारवाहीलाई चुस्त दुरुस्त बनाइने छ।

८४. पारदर्शीता अभिवृद्धि तथा वित्तिय जोखिम न्यूनीकरण गर्नको लागि विद्युतीय हाजिर मेसिनको व्यवस्था, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोगलाई कसिलो र व्यापक बनाइएको छ।

८५. हरेक आयोजनाको सर्वपक्षीय अनुगमन मूल्याकंन गर्ने, आयोजना भुक्तानी हुनुपूर्व भुक्तानी दावी विरोधको सूचना प्रकाशन गरी आयोजनामा पारदर्शीता कायम गर्ने कार्यको व्यवस्था मिलाएका छौं।

८६. विकास निर्माणका कार्यलाई पारदर्शी र व्यवस्थित बनाउन तथा उपभोक्ता समिति एवं टोल विकास समितिहरुलाई थप जिम्मेवार बनाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।

८७. कार्यालयको अभिलेख प्रणालीलाई व्यवस्थित बनाउन अनलाइन सिस्टमको वृहत्तर प्रयोगमा जोड

दिनेछौँ । कर्मचारीलाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएका छौं ।

८८. पछिल्लो चार वर्षदेखि राष्ट्रसेवक कर्मचारीको तलब वृद्धि नभएको र यस अवधिमा उपभोक्ता मूल्य वृद्धि १७.३ प्रतिशत भएको हुँदा मर्यादित जीवनयापनका लागि पारिश्रमिक सुविधामा पुनरावलोकन गरेको छौं । कर्मचारीले हाल प्राप्त गरिरहेको महङ्गी भत्तालाई निरन्तरता दिएको छु ।नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा आधारित रहि सम्पूर्ण सामुदायिक विद्यालयका कार्यालय सहयोगी तथा पोषणमैत्री स्थानीय शासन घोषणा कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीको पारिश्रमिकमा १५ प्रतिशतले वृद्धि गरेको छु । बालबिकास शिक्षक र विद्यालय लेखापालको पारिश्रमिकमा २० प्रतिशतले वृद्धि गरेको छु। गाउँपालिका अनुदान शिक्षक तथा पालिकाका करार कर्मचारीको पारिश्रमिकमा १० प्रतिशतले वृद्धि गरेको छु। स्थायी सेवामा कार्यरत सम्पूर्ण कर्मचारीको पारिश्रमिकमा नेपाल सरकारले वृद्धि गरेको आधारमा हाल खाईपाई आएको पारिश्रमिकमा २१ प्रतिशतले वृद्धि गरेको छु। नयाँ तलब स्केल सम्वत् २०८३ श्रावण १ गतेदेखि लागू हुनेछ।

**न्यायिक काम कारवाही** :

८९. स्थानीयस्तरमा सिर्जित विवादहरु समाधान गर्न वडा मेलमिलाप केन्द्रलाई क्रियाशील बनाइनेछ। वडा मेलमिलाप केन्द्रको क्षमता विकास गरिनेछ। दर्ता भएका उजुरीको शीघ्र समाधान गर्ने संयन्त्रको विकास गरेका छौं ।

९०. सङ्घ, प्रदेश तथा यस गाउँपालिकाको बजेट विनियोजनबाट पालिकाको क्षेत्रमा विभिन्न निकायहरु मार्फत् सञ्चालित आयोजनाहरूमा काम गर्ने श्रमिकलाई रोजगारदाताबाट समयमा नै पारिश्रमिक भुक्तानी गर्ने व्यवस्था मिलाउनको लागि आवश्यक समन्वय गरिनेछ । त्रिवेणी गाउँपालिका क्षेत्रभित्र विभिन्न निकायहरुबाट सञ्चालित विकास आयोजनाहरूमा काम सुरु गर्नुपूर्व रोजगार सेवा केन्द्रको समन्वयमा मात्र श्रमिक परिचालन गरिने कानुनी प्रबन्ध मिलाएको छु । यसबाट श्रमिकले गरेको कामको कानुनी वैधता सुनिश्चित हुनुका साथै कामको उचित ज्याला समयमै उपलब्ध गराउन पालिकाले सम्बन्धित निर्माण व्यवसायीहरू तथा रोजगार दाताहरुसँग समन्वय गरी अनिवार्य बैंक खाता मार्फत् पारिश्रमिक भुक्तानी हुने व्यवस्था मिलाइनेछ । साथै, रोजगार सेवा केन्द्रमा सूचीकृत भई पालिकाको समन्वयमा विभिन्न आयोजनामा खटिने श्रमजीवी नागरिकहरूको श्रमको सम्मान र सुरक्षाका लागि अनिवार्य दुर्घटना बीमा गर्ने व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

